www.khojtalashonline.com

# खोजतलास

राष्ट्रिय साप्ताहिक

वर्ष २६ अंक ३५ ◆ ११ साउन २०८०, बिहीबार (27 July, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३ मूल्य रु २०/-

## सशस्त्रमा एक सय ७५ कर्मचारीको दरबन्दी थप
## बढुवा जामको समस्या समाधान हुने



काठमाडौं । सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले बढुवामा देखिएको समस्या हल गर्न सफल बन्दै गइरहेका छन् । एक वर्ष लामो प्रयासपछि सशस्त्रमा एक सय ७५ कर्मचारीको दरबन्दी थप भएको छ । यसले सशस्त्रमा देखिएको बढुवा जामको समस्या समाधान हुने भएको छ । यसले सशस्त्र प्रहरीका कर्मचारीमा उत्साह थपिएको छ । एकैपटक ६ हजार ६ सय ४६ कर्मचारीको बढुवा हुने भएको छ ।

दरबन्दी थप भएसँगै सशस्त्र प्रहरीमा बढुवाको प्रक्रिया सुरु भइसकेको छ । एसएसपी तहसम्मको बढुवाका लागि गत साता नै सूचना प्रकाशन भइसकेको छ । जसअनुसार बढुवाको दौडधुप सुरु भइसकेको छ ।

सशस्त्रमा एसएसपीमा १४, एसपीमा ५८ तथा ९६ जना डिएसपीमा बढुवा हुँदैछन् । त्यस्तै, ६२ जना इन्सपेक्टरमा, ६० जना बरिष्ठ सइ, एक सय ३१ जना सई, ३३ जना असइ, ६६ जना बरिष्ठ हवल्दार, एक बाँकी सातौं पृष्ठमा

# सुनकाण्डमा नाइके समात्न खोज्दा ओली किन आक्रोशित ?

काठमाडौं । सर्पको खुट्टा सर्पले नै देख्छ । सुनकाण्ड पनि त्यही हो । राज्यको महत्वपूर्ण बागडोर समातेकाहरु सुन तस्करीबारे बेखरब हुने सवालै रहेन । २१ वर्षका सामान्य युवालाई कम्पनी खोल्न लगाएर संगठित गिरोहले हजारौं किलो सुन तस्कर गरेको खुलिसकेको छ । यो घटनामा को–को मिलेका छन् र विगतमा सुन तस्करी कसरी हुन्थ्यो भन्ने खोजीको विषय बनेको छ अहिले । यो काण्डले लहरो तान्दा पहरो गर्जन सक्छ ।

एक सय केजी सुन तस्करी खुलेपछि यसको उच्च तहको कनेक्शनहरु उजागर हुन थालेको छ । देशको सुरक्षा र सूचनाको मुख्य संयन्त्रमा पहुँच हुने प्रधानमन्त्री, गृहमन्त्रीलगायत मुख्य व्यक्तिहरु यति ठूलो तस्करीबारे अन्जान हुने पत्याउन सकिँदैन । अझ प्रधानमन्त्री र गृहमन्त्री भइसकेकाहरुका पछिल्ला अभिव्यक्तिले सुन तस्करमा उच्च राजनीतिक नेतृत्व जानकार हुन्छन् भन्ने





पुष्टि हुन्छ । सोमबार कम्बोडियाबाट फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सुन तस्करीमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ संलग्न रहेको आरोप लगाए । गृहमन्त्रीको संलग्नता विना भन्सारको सुरक्षा घेरा काटेर सुन बाहिर जान नसक्ने समेत बताए ।

ओलीले सुन तस्करी प्रकरणबारे विमानस्थलमा भने, गृहमन्त्रीले बताउनुपर्‍यो उहाँको संलग्नता छ कि छैन यसमा ? गृहमन्त्री श्रेष्ठले ओलीतर्फ संकेत गर्दै भ्रष्टाचार र तस्करीको जालो उच्च राजनीतिक तहसम्म फैलिएको बताएका थिए । त्यसप्रति आक्रोश पोख्दै ओलीले अभिव्यक्तिलाई अनैतिक र गैरजिम्मेवार भने । श्रेष्ठले कुनैपनि टार र कोटमा भएकालाई पनि नछाड्ने बताएका थिए । टार बालुवाटार र कोट बोलकोट अर्थ लाग्छ । यसप्रति ओली आक्रोशित भए ।

ओली प्रधानमन्त्री हुँदा पनि ३३ किलो सुन प्रकरण खुलेको थियो । यो प्रकरणमा ज्यान नै लिने घटना भएको थियो । साउन २ गते ब्रेक सु भित्र हङकङबाट तस्करी गरी ल्याइएको एक सय केजी सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार बाहिरबाट ३ साउनमा बरामद भएपछि राजनीतिक तहमा समेत तरंग आएको छ । गृहमन्त्री श्रेष्ठले तस्करी नियन्त्रणमा कठोर कदम चाल्न थालेका छन् ।

ठगी र तस्करीका घटनामा एमाले नेता तथा कार्यकर्ता धमाधम पक्राउ परिरहेका छन् । यसकारण नेकपा माओवादी केन्द्रका उपाध्यक्ष समेत रहेका गृहमन्त्री श्रेष्ठ एमालेको तारोमा छन् । श्रेष्ठले भुटानी शरणार्थी प्रकरणमा एमाले नेताहरुलाई जेल हालिदिए । ललिता निवास प्रकरणको फाइल खुल्यो । अहिले सुन तस्करीमा ठूलै गिरोह मुछिएको छ ।

बाँकी सातौं पृष्ठमा

## कांग्रेसभित्र हिन्दु राष्ट्रको पक्षमा आवाज बुलन्द

काठमाडौं । नेपाली काँग्रेसभित्र हिन्दुत्वको मुद्दा बलियो बन्दै गएको छ । विशेषगरी सभापति शेरबहादुर देउवानिकट नेताहरु नै यो मुद्दा बुलन्द बनाउन थालेका छन् । केन्द्रीय सदस्य एनपी साउद यो मुद्दा उठाउन अग्रपंक्तिमा छन् । उनले त्यही अनुसारको कदमहरु परराष्ट्रमन्त्री हुँदा चालिरहेका छन् । डा. शेखर कोइराला र डा. सशांक कोइरालाले पनि यो मुद्दा उठाए विगतमा । तर, उनीहरु दुवै सुस्ताएका छन् । शंकर भण्डारीले भने निरन्तर यो मुद्दा उठाइरहेका छन् । उनलाई साथ दिने केन्द्रीय सदस्यहरु धमाधम थपिन थालेका छन् ।

त्यसो त नेपालमा सविधान जारी गर्दा नेपाली काँग्रस नै सरकारको नेतृत्वमा थियो । सविधानमा हिन्दुराष्ट्र हटाएर धर्मनिरपेक्षता राखियो । २०७२ सालको यो कदमविरुद्ध अहिले काँग्रेसभित्रै आवाज बुलन्द हुन थालेको छ । यतिबेला संसदमा सबैभन्दा ठूलो दल नेपाली काँग्रेसको बैठकमा धर्मनिरपेक्षता खारेजीको माग उठेको छ । ६ दिनदेखि चलिरहेको केन्द्रीय समिति बैठकमा केही सदस्यहरुले धर्मनिरपेक्षता खारेजीको



माग गरेका हुन् ।

नेपाली काँग्रेसका केन्द्रीय सदस्य शंकर भण्डारीले धर्मनिरपेक्ष खारेजीको माग गरेका छन् । उनले नेपाललाई हिन्दु राष्ट्र कायम गर्नुपर्ने माग समेत बैठकमा राखेका छन् । भण्डारीले भने, नेपालको पहिचान भनेकै हिन्दुराष्ट्र हो र धर्मनीरपेक्ष संविधानबाट हटाउन काँग्रेसले नै नेतृत्वदायी भूमिका निभाउनुपर्छ । उनले संघीयताको पनि विकल्प खोज्नुपर्नेमा जोड दिए । आफूले संविधान जारी हुँदा पनि धर्मनिरपेक्षता लाद्न खोजिएकोमा विरोध गरेको स्मरण गराए । उनले देशको अस्तित्वका लागि पनि हिन्दुराष्ट्र अनिवार्य भएको बताए ।

बाँकी सातौं पृष्ठमा

## प्रभु बैंकका सीईओविरुद्ध उच्च अदालतमा मुद्दा

### ससुराको नाममा अर्बौं ऋण प्रबाह, राष्ट्रबैंक मुकदर्शक

काठमाडौं । प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अशोक शेरचन गैरकानुनीरुपमा तेस्रो कार्यकालका लागि सीईओ बनेपछि अहिले उनीविरुद्ध उच्च अदालत पाटनमा मुद्दा परेको छ ।





सीईओ शेरचनविरुद्ध राष्ट्र बैंकदेखि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) सम्म मुद्दा परेको छ ।

सीईओ शेरचनको नियुक्तिविरुद्ध अधिवक्ता अनिता थापाले उच्च अदालत पाटनमा मुद्दा दायर गरेकी थिइन् । अधिवक्ता थापाले शेरचनसहित राष्ट्रबैंकलाई समेत बिपक्षी बनाएर मुद्दा दायर गरेकी हुन् ।

शेरचनको नियुक्ति बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ (बाफिया) को प्रावधान विपरीत रहेको भन्दै उच्च अदालत पाटनमा मुद्दा दायर गरेकी थिइन् ।

त्यसैगरी, सीईओमा शेरचनको पुनः नियुक्त ऐन विपरित रहेको भन्दै सो नियुक्ती खारेज गर्न नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण विभागमा उजुरी परेको थियो ।

२०७८ असोज १२ गते पनि प्रभु बैंकमा भएको गैरकानुनी कार्यहरुको अभिलम्ब छानबिन गरीपाउँ भन्दै उजुरी परेको थियो । तर उक्त उजुरी राष्ट्र बैंकले नै गुपचुप राखेको थियो । सीआईबीमा समेत शेरचनविरुद्ध बैंकिङ अपचलनको मुद्दा परेको थियो । उक्त विषयमा अनुसन्धान भइरहेको सीआईबीले जनाएको छ ।

शेरचनले अघिल्ला २ कार्यकालमा बैंकमै हालीमुहाली गरेर आफ्ना आफन्तका नाममा ऋण प्रवाहा गरे । उक्त ऋणको ढाकछोप गर्न बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ (बाफिया) को प्रावधान विपरीत उनी तेश्रो पटक पनि सिईओ बने । जसका कारण अहिले प्रमुख कार्यकारी अधिकृतको काम कर्तब्य र अधिकार माथि नै प्रश्न चिह्न खडा भएको छ ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार बैंक तथा वित्तीय बाँकी सातौं पृष्ठमा

## साँढे पाँच लाख एमाले कार्यकर्ता वेपत्ता

काठमाडौं । देशको सबैभन्दा ठूलो संगठन रहेको दल हो नेकपा एमाले । उसले ८ लाख त कार्यकर्ता रहेको दाबी गरेको थियो । तर, त्यो असत्य सावित भएको छ । एमालेले विगतमा नेपाली जनतालाई गुमराहमा राखेको रहस्य खुलेको छ । जनतालाई कतिसम्म दलहरुले ढाँट्छन् भन्ने उदाहरण बनेको छ नेकपा एमाले । उसले २०७८ को मंसिरमा दशौं महाधिवेशन गर्दा ८ लाख पार्टी सदस्य रहेको दाबी गरेको थियो ।

देशको सबैभन्दा ठूलो संगठन रहेको एमालेको हावा खुस्किएको छ अहिले । एमालेको संगठित सदस्य अढाई लाख पनि नवीकरण नभएको तथ्यांकको खुलासा भएको छ । ८ लाख पार्टी सदस्य रहेको दाबी गर्ने एमालेमा अहिले ३ लाख समेतले नवीकरण नगर्नुको रहस्य के हो ? एमालेका एक नेताका अनुसार महाधिवेशनका बेला आफ्नो प्रभाव बलियो बनाउन परिवार र निकटस्थलाई

बाँकी सातौं पृष्ठमा

## प्रचण्ड सरकार ढाल्न अर्को ग्रान्डडिजाइन

काठमाडौं । तेस्रोपटक प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल प्रचण्डले विपक्षीलाई हायलकायल पारेका छन् । विशेषगरी भ्रष्टाचार र आर्थिक अपराधको छानबिनले मैं हुँ भन्ने नेताहरु जेल पुगेका छन् । यो क्रम अझै रोक्किएको छैन । प्रचण्डको कठोर कदमले सत्ता गठबन्धनको मुख्य घटक नेपाली काँग्रेसमा पनि कम्पन गएको छ । बालकृष्ण खाँण पक्राउले काँग्रेस समस्यामा छ । सभापति शेरबहादुर देउवाकी पत्नी आरजु देउवा पनि कुनैपनि बेला जेल जान सक्छिन् । उनीमाथि नक्कली भुटानी शरणार्थी प्रकरणमा पैसा लिएको आरोप छ । ललिता निवास प्रकरणको छानबिन बढेलगत्तै पूर्वप्रधानमन्त्रीहरु माधव नेपाल र डा. बाबुराम भट्टराईको ओठमुख सुकेको छ । यो प्रकरणमा उनीहरु पनि जोडिएका छन् ।



प्रचण्डले विपक्षी मात्र नभई आफ्नै सत्ता गठबन्धनका नेतालाई पनि अप्ठ्यारोमा पारेका छन् । यसले सत्ता गठबन्धनभित्र प्रचण्डको विकल्प खोज्ने अर्को ग्रान्डडिजाइन चलेको छ । त्यसका लागि प्रचण्डमाथि गृहमन्त्री छाड्न दबाब पार्न खोजिएको छ । काँग्रेस सभापति देउवाले आफ्नो पार्टीका लागि गृह मन्त्रालय दाबी गर्न सक्छन् । उनले गृहमा नारायणकाजी हुँदा ठूलो चुनौती भोगिरहेको विषय काँग्रेसभित्र चलिरहेको छ । यही बहानामा सरकार ढाल्ने ग्रान्डडिजाइन चलिसकेको छ । सरकार ढाल्न देउवालाई केपी शर्मा ओलीसँग नजिक बनाउन ठूलै समूह लागेको छ ।

त्यसो त विगतमा पनि प्रचण्डको सरकार ढाल्ने प्रयास भएको थियो । सरकार ढाल्ने प्रयासहरु लगातार भएपनि सफल हुन सकेन । सत्ता गठबन्धन फुटाएर सरकार परिवर्तनको प्रयास बाँकी सातौं पृष्ठमा

## सांसद विमला गौचनको बैंक खातामा बढी रकम आएपछि...

काठमाडौं । गण्डकी प्रदेश सभा सांसद विमला गौचन हक्की स्वभावकी छिन् । सधैं सहयोगी भावना बोकेर सक्रिय उनी दिन जान्ने नेताको रुपमा पनि चर्चित छिन् । यसपटक भने उनलाई बैंक खातामा आउनुपर्ने भन्दा बढी रकम आएकाले चिन्ता परेको छ । गण्डकी प्रदेश सभा सचिवालयले उनको सांसद पदवापत्को पारिश्रमिकसहित सेवा सुविधा बैंक खातामा जम्मा गरिदियो । तर, कर काटेर पनि त्यो रकम केही बढी देखियो । बिसन्तीले किन बैंक खातामा बढी रकम आयो भनी प्रदेश सभा सचिवालयमा बुझ्न पुगिन् ।

प्रदेश सभा सचिवालयले आवास सुविधा वापत् रकम पठाएको जवाफ दियो । गौचनको पोखरामा पनि घर छ । ऐन अनुसार पोखरामा घर भएका सांसदले घरभाडा वापत्को रकम बुझ्न मिल्दैन । गौचनले आफ्नो पोखरामा

बाँकी सातौं पृष्ठमा

## किर्ते कागज खडा गरी एक्कल नाममा रहेको जग्गा खाने दाउ गरेका पटेल कारागारभित्रै चलखेल गर्दै

काठमाडौं । राजनीतिक दलको आडमा शक्तिको दुरुपयोग गर्दै नेताहरुले के सम्म गर्दो रहेछन् भन्ने कुरा बाराका एक नेताले गरेको हर्कतबाट पुष्टि भएको छ । जनता समाजवादी पार्टीका बारा जिल्ला अध्यक्ष अजय पटेलले काठमाडौंका विजयमणी दिक्षितको स्वामित्वमा रहेको १० विघा जग्गा पार्टीको झण्डा गाडेर शक्तिको दुरुपयोग गरी स्थानीय गुण्डा परिचालित गर्दै जग्गा कब्जा गरेको समाचार विभिन्न संचारमाध्यममा समाचारहरु प्रकाशित भइसकेका छन् ।

सो जग्गा कब्जा गरेको विषयलाई लिएर नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो काठमाडौंको टोलीले विशेष अनुसन्धान गरी दोषी ठहर पाइएपछि ४५ वर्षीय पटेललाई फिल्मी शैलीमा आफ्नो नियन्त्रणमा लिएर कारवाही प्रक्रिया अघि बढाएको छ । मालपोत



कार्यालयको मिलेमतोमा बारास्थित ६० करोड बढी रकमको जग्गाको किर्ते कागज खडा गरी पटेलले पार्टीको झण्डा गाडेर कब्जा जमाएका थिए । पटेल अहिले पुर्पक्षका लागि बीरगंज कारागारमा रहेका छन् ।

पटेलले परवानीपुरस्थित कित्ता नम्बर ४१ को ६ बिघा, वडा नम्बर ८ कित्ता नम्बर १३४७ को ३ बिघा र कित्ता नम्बर १४८०, १०७८ र १४७९ गरी १८ कट्ठा र वडा नम्बरको ५ को

बाँकी सातौं पृष्ठमा

## सुडान घोटालालाई माथ गर्ने गरी नेपाल प्रहरीमा ठेकेदारसँग सेटिङपछि टेण्डर

काठमाडौं । गृहमन्त्री नारायणकाजी श्रेष्ठ र नेपाल प्रहरीका महानिरीक्षक बसन्तबहादुर कुँवर सुशासन र शुद्धिकरणका चर्का भाषण गरिरहेका छन् । तर उनीहरुकै मातहतको प्रहरीको आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालयले लत्तापकडा खरिदमा ठूलै चलखेल गरेको तथ्य फेला परेको छ ।

प्रशासन विभागका प्रमुख एआईजी दीपक थापा नेतृत्वको आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालयले चालु आर्थिक बर्षको लागि चुस्ता, डीएमएस बुट, ऊलन सर्ट-पाइन्टको कपडा, पार्का ज्याकेट, स्लीपीङ ब्याग, ऊलन स्वीटर, स्पोर्ट जुत्ता, मिन्क ब्लाङ्केट, अन्डर ट्राउजर भेष्ट सेट खरिदको बोलपत्र मंगलबार निकालेको



छ । थप हिमाली सामानको बोलपत्र यसैसाता बोलपत्रको सूचना निकालिंदैछ । नेपाल प्रहरीमा २ बर्षअघि चुस्ता परिवर्तन भएको थियो । २ बर्षअघि परिवर्तन भएको चुस्ता गएको आर्थिक बर्षसम्म प्रतिमिटर करिब ५ सय रुपैयाँमा लिने गरिएको थियो । तर, यो बर्ष ७ सय ५० रुपैयाँमा खरिद गर्नेगरी ठेकेदारसँग सेटिङ गरिएको स्रोतले बताएको छ । प्रहरी र सेनामा चुस्ता नसिलाई कपडामात्र बुझाउने चलन थियो । सशस्त्रमा सिलाएर दिनुपर्ने व्यवस्था रहेको छ ।

तर, यसपटकदेखि प्रहरीमा पनि चुस्ता ठेकेदारले सिलाएर दिनुपर्ने गरी टेण्डर गरिएको छ । प्रशासनका बाँकी सातौं पृष्ठमा

मुलुकभर घटेको घटना सबैभन्दा छिटो सूचना पाउन लग अन गर्नुहोस्
www.khojtalashonline.com
कुनै सूचना भए khojtalashdainik@gmail.com मा ईमेल गर्नुहोला ।

खोजतलास
www.khojtalasnews.com
राष्ट्रिय साप्ताहिक
का.जि.का.द.नं. ५३/०५४/०५५

# चापागाउँमा किक बक्सिङको कुम्भ मेला हुँदै




ललितपुर । ललितपुरको चापागाउँमा लौह पुरुष सर्वमान्य नेता गणेशमान सिंहको सम्झनामा राष्ट्रिय खुल्ला किक बक्सिङ प्रतियोगिता भदौं ७ गतेदेखि हुने भएको छ ।

सर्वमान्य नेता बीर गणेशमान सिंहको नाममा आयोजित राष्ट्रिय खुल्ला किक बक्सिङ प्रतियोगिता गोदावरी नगरपालिका चापागाउँको प्याङगाउँ खेल मैदानमा चारपटक भइसकेको छ । यो वर्ष पनि पाँचौं सर्वमान्य नेता वीर गणेशमान सिंहको सम्झनामा राष्ट्रिय खुल्ला किक बक्सिङ प्रतियोगिता आगामी भदौ ७ गतेदेखि ९ गतेसम्म चापागाउँको प्याङगाउँ खेल मैदानमा हुनेछ । सो प्रतियोगिता ललितपुर किक बक्सिङ संघ र ललितपुर जिल्ला खेलकुन विकास समितिको संयुक्त आयोजनामा हुने किक बक्सिङ संघ तथा ललितपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तथा पूर्व किक बक्सिङ च्याम्पियन विनोद महर्जनले बताएका छन् ।

गोदावरी नगरपालिका वडा नं ११ चापागाउँको प्याङगाउँ खेल मैदानमा आयोजना हुने प्रतियोगितामा महिलातर्फ ५०, ५५, ६०, ६५ केजी मुनी र खुल्ला तौल समूहमा प्रतिस्पर्धा हुनेछ । यसैगरी पुरुषमा ५०, ५५, ६०, ६५, ७० केजी मुनी र खुल्ला तौल समूहमा प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा सहभागी हुने खेलाडीको तौल २०८० भाद्र ५ र ६ गते बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म लगनखेल डोजो ललितपुरमा गराइने छ । प्रतियोगिता विश्व किक बक्सिङको नियमअनुसार खेलाईने आयोजकले जानकारी गराएका छन् ।

प्रतियोगितामा कराते, उसु, बक्सिङ, तेक्वान्दो, आई.टि.एफ., फुल कन्ट्याक्ट कराते, मुआय थाई र विभागीय टिम नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेनाका खेलाडीले प्रतिस्पर्धा गर्ने ललितपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष विनोद महर्जनले जानकारी गराएका छन् ।

खुल्ला प्रतियोगिता भएकाले देशभरीबाट खेलाडीहरु भागलिन आउने हुँदा उपत्यका बाहिरबाट आउने खेलाडीहरुलाई खाना र बसोबासको व्यवस्था मिलाइएको आयोजकले जनाएको छ ।

प्रतियोगितामा प्रथम हुने प्रत्येक तौल समूहका प्रथम हुने खेलाडीलाई ३० हजार द्वितीय हुने खेलाडीलाई १५ हजार र तेस्रो हुने दुई खेलाडीलाई जनही ८–८ हजार नगदसहित मेडल प्रदान गरिने छ । त्यस्तै प्रतियोगितामा उत्कृष्ट पुरुष तथा महिला खेलाडीले २५–२५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् ।

खेलमा प्रथम हुने टिम च्याम्पियनले नगद १ लाख रुपैयाँ प्राप्त गर्नेछ भने दोश्रो हुने टिम च्याम्पियनले ५० हजार नगद प्राप्त गर्ने आयोजकले जनाएको छ ।

उक्त प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुको सहभागी हुनेछ । प्रतियोगितामा किक बक्सिङ संघ संरक्षक राष्ट्रिय खेलकुद परिषद पुर्ब कोषाध्यक्ष खेलकद जगतका हस्ति बागमती प्रदेश सभा सदस्य माननीय मीनकृष्ण महर्जनको विशेष भुमिका रहने अध्यक्ष बिनोद महर्जनले जानकारी गराएका छन् ।

## नेपाललाई ऋण बोकाएर प्रभाव बनाइराख्ने चीनको रणनीति

काठमाडौं । नेपालमा शक्तिराष्ट्रहरुले प्रभाव बढाउने प्रतिष्पर्धा गरिरहेका छन् । उनीहरु जुनसुकै तरिकाले भएपनि प्रभाव बढाउन लागेका छन् । अमेरिकाले एमसीसी कार्यान्वयनमा ल्याउँदैछ अर्को महिना । त्यसको काउन्टरमा चीन पनि बीआरआई कार्यान्वयनमा बढिरहेको छ । पछिल्लो समय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई चीन भ्रमणका बेलामा बेल्ट एण्ड रोड इनिटिएटिभ बीआरआई कार्यान्वयनको सम्झौता गराउने गरी दबाब बढाउन खोजिएको छ । यही उद्देश्यका साथ २६ सदस्यीय टोलीसहित चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्यूरो सदस्य चुआन च्या च्युन नेपाल आएको रहस्य खुलेको छ ।

बीआरआई कार्यान्वयनको घोषणा गराउन चीनले राजनीतिक दबाब बढाइरहेको छ । नेपालले बीआरआई अनुदानमा लिने ऋणमा नलिने स्पष्ट पारेपनि चीन दबाब बनाइरहेको छ । उसले प्रधानमन्त्री प्रचण्डको भदौमा हुने भनिएको चीन भ्रमणमा यसको घोषणा गराउन चाहिरहेको छ । नेता चुआनले यसै मुद्दामा केन्द्रित रहेर राजनीतिक भेटघाट गरेका छन् । उनले प्रधानमन्त्री प्रचण्डसँग भर्चुअल संवाद गर्दा होस् या माओवादी वरिष्ठ उपाध्यक्ष समेत रहेका उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठसहितको टोलीसँग कुरा गर्दा नै किन नहोस् बीआरआई कै विषय उठाए । श्रेष्ठले त चीन भ्रमणबाट फर्किएपछि चीनको चासो बीआरआई कार्यान्वयनमा रहेको बताइसकेका छन् ।

नेपालमा अमेरिकी सहयोगसम्बन्धी एमसीसी अनुदानमा रहेकाले बीआरआई पनि त्यस्तै हुनुपर्ने नेपालको अडान छ । तर, चीन पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई नै बीआरआई अन्तर्गत हो भनिरहेको छ । त्यहाँ अरबौं चिनियाँ ऋण छ । विमानस्थलमा व्यवसायिक अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन । जब कि उद्घाटन जनवरी १ मा भइसक्यो । ऋणको सावा घटाउन त के ब्याज तिर्न पनि मुश्किल पर्ने देखिएको छ व्यवसायिक उडान हुन नसक्दा ।

नेपाल भ्रमणमा रहेका चिनियाँ नेता चुआनले बीआरआई सम्बन्धी सम्झौता २०१७ मा भइसकेपनि कार्यान्वयनको घोषणा नहुनुबारे प्रश्न गरेका छन् । उनले यसबारे मंगलबार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँगको भेटमा पनि यसबारे चासो राखेको विश्वस्त स्रोतले बताएको छ । ओलीले आफ्नो पालामा भएका चीनसँगको सम्झौतालाई रोक्न खोजिएको विषय राखेको बुझिएको छ । उनले प्रचण्ड चीनविरोधी गठबन्धनमा रहेकोले समस्या आएको जिकिर गरे ।

ओली प्रधानमन्त्री हुँदा बीआरआई सम्झौता भएको थियो । तर, २०२२ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि अनुदान भएमात्र स्वीकार्न सकिने जवाफ नेपाल सरकारले चीनलाई दिएको थियो । चीन भने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई बीआरआई अन्तर्गत भनिरहेको छ । जुन नेपालले स्वीकारेको छैन । चिनियाँ नेता चुआनले नेपालका नेताहरुसँगको भेटमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको संचालनबारे पनि कुराकानी गरे । चीनको ऋणमा विमानस्थल निर्माण भएको हो उक्त विमानस्थल ।

चुआनले नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग सेप्टेम्बरमा हुने चीन भ्रमणबारे पनि छलफल गरेका छन् । प्रचण्डसँग उनको आइतवार भर्चुअल संवाद भएको थियो । चिनियाँ नेता चुआनले नेपालका राष्ट्रपति रामचन्द्र पौडेल, सभामुख देवराज घिमिरे, नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली उप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्कासँग भेटवार्ता गरे । चुआनले नेकपा माओवादी केन्द्रका उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, महासचिव देव गुरुङलगायत नेताहरुसँग एकसाथ भेटेका थिए । डिनर मिटिङमा महत्वपूर्ण कुराकानी भएको बुझिएको छ । चीन ओहोरदोहोर गर्ने वर्षमान पुन पनि बैठकमा सामेल थिए ।

## सभामुख घिमिरेले पदको गरिमा घटाएपछि....

काठमाडौं । देशमा जब कुनै शक्तिराष्ट्रका अधिकारीसँग कुनै कार्यक्रम हुन्छ नेता र जिम्मेवार अधिकारीहरुले पोर्टफोलियो नै बिर्सिदिन्छन् । कूटनीतिमा अति महत्व मानिने पोर्टफोलियो बिर्सिए सभामुख देवराज घिमिरेले । घिमिरे प्रतिनिधि सभाको सभामुख हुन् । तर, उनी चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्यूरो सदस्य चुआन च्या च्युनसँग संयुक्त रुपमा चीन नेपाल मित्रता कक्षाकोठा उद्घाटन गर्न पुगे । उक्त कक्षा कोठा एलआरआई स्कुललाई चीन सरकारले उपहार स्वरुप प्रदान गरेको हो ।

सभामुख देवराघ घिमिरेको पोर्टफोलियो चीनका नेस्नल कँग्रेसका प्रमुख बराबरको हो । चीनमा चाओ लेजी नेस्नल कँग्रेसका प्रमुख छन् । नेपाल भ्रमणमा आएका युआन वरियतामा चाओभन्दा निकै तल छन् । चाओ चीनमा वरियतामा तेस्रो स्थानमा छन् । चीनमा कम्युनिस्ट पार्टीको सात सदस्यीय स्थायी कमिटी छ । यही कमिटिले चीन हाँक्ने मुख्य भूमिका निर्वाह गर्छ । यो कमिटीमा त्यहाँका राष्ट्रपति सी चिनफिङ, प्रधानमन्त्री लि काङ, नेस्नल पिपल्स कँग्रेसका प्रमुख चाओ लिजीका अलावा नेताहरु वाङ हुनिङ, काइ की, दिङ सुइसियाङ र लि सी छन् ।

सात जना नेताहरुपछि मात्र पोलिटब्यूरो सदस्यको वरियता सुरु हुन्छ । पोलिटब्यूरोमा नवप्रवेशी चुआन २१औं स्थानमा छन् । यस हिसाबले उनी चीनमा वरियतामा २८औंमा छन् । सभामुख घिमिरेले पोर्टफोलियो मिचेर चिनियाँ नेता चुआन च्या च्युनसँग कक्षाकोठाको संयुक्त उद्घाटन गर्नुलाई चासोका साथ हेरिएको छ । त्यसो त नेपालका नेताहरुले चिनियाँ नेता चुआनसँग मात्र पोर्टफोलियो मिचेर कक्षा कोठा उद्घाटन गरेका होइनन् । शक्तिराष्ट्रले कुनै सहयोग गरेर केही निर्माण गर्दा नेपालका कतिपय अधिकारीहरु पोर्टफोलियो बिर्सेर उद्घाटनमा सहभागी हुने गरेका छन् । यसले पदकै गरिमा घट्ने खतरा छ । आफ्नै पदको गरिमा घटाउन आफै जिम्मेवार अधिकारीहरु प्रस्तुत हुनुले नेताहरुप्रति वितृष्णा बढ्ने गरेको छ ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

CTEVT बाट मान्यता प्राप्त यस शंकरापुर एकेडेमीमा, SEE परीक्षा दिएर बस्नुभएका सम्पूर्ण विद्यार्थीहरुलाई ३ बर्षे HA, LAB, Nursing, Pharmacy, Radiography लगायतका विभिन्न विषयका प्रवेश परीक्षाको तयारी कक्षाहरु संचालन हुने भएकोले समयमै सम्पर्क राखि आफ्नो स्थान सुरक्षित गर्नुहुन अनुरोध गरिन्छ ।

हाम्रो विषेशताहरू:

- Scholarship प्रदान गरिने Send Up Toppers, दलित, जनजाति र पिछडिएकाको लागि ।
- अनुभवी तथा दक्ष शिक्षकहरु
- सुविधा सम्पन्न यथेष्ट कक्षाकोठाहरु
- CTEVT लगायत विभिन्न मान्यता प्राप्त Board का Model–Tests हरु
- हप्ताको एक दिन Test कक्षा संचालन
- दैनिक ३ घण्टा कक्षा संचालन
- हरेक हप्ता विद्यार्थीको पढाईको Evaluation & Feedback

यस शंकरापुर एकेडेमीमा CTEVT द्वारा मान्यता प्राप्त ३ वर्षे डिप्लोमा कोर्षहरु : HA / Lab / Nursing / Pharmacy / Radiography उपलब्ध छन् ।
Note: साथै विद्यार्थीहरुलाई यस ३ वर्षे डिप्लोमा कोर्ष पश्चात स्नातक तहमा कुन डिप्लोमा कोर्ष पछि कुन कोर्ष पढ्न पाईने जानकारी यस प्रकार गरिएको छ ।

Our Programs
- Diploma in Pharmacy (D. Pharm)
- Diploma in General Medicine (HA)
- Certificate in Medical Lab Technician (CMLT)
- Diploma in Nursing (PCL Nursing)
- Diploma in Radiography

4 Years Bachelors Course
- B. Pharm
- MBBS
- BMLT
- BN
- BMIT

SHANKARAPUR ACADEMY Estd. 2064
शंकरापुर एकेडेमी प्रा. लि.
सातदोबाटो, ललितपुर
फोन नं: ०१–५५५५५५३,५५५५५५०,९८४३२३३३६७
"गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता"

## सुन्धाराका जेलर ललित बस्नेतको ज्यादती बिवादित अनिला श्रेष्ठलाई फेरि गरे तैनाथ



काठमाडौँ । काठमाडौँ केन्द्रिय कारागार सुन्धाराका जेलर ललित बस्नेतले आफ्नो काम कर्तव्य र मर्यादाभन्दा बाहिर गएर सम्पत्ति आर्जन गर्ने धन्दामा लागि परेका छन् ।

बस्नेतले अति बिवादित महिला कैदी अनिला श्रेष्ठसँग साँठगाँठ गरी महिला कारागारतर्फ ठूलो रकम असुल्ने गरेको स्रोतको दाबी छ । कारागारभित्र कैदी तथा बन्दी जिवन बिताई रहेकाहरुको सरुवा गरिदिने धम्कीका साथै स्थानान्तरणको कागज बनाएर बहिदार नाइके पदमा रहेकी अनिला श्रेष्ठमार्फत् प्रति व्यक्ति दुई लाखदेखि ५ लाखसम्म असुल्ने गरेको तथ्य फेला परेको छ । कैदी बन्दीहरुलाई छुटाइदिने कैद मिनाहा पारिदिने जस्ता झुठा आश्वासन दिँदै ठगी गर्ने अनिला श्रेष्ठको कुकार्यको ढाकछोप र बचाउमा जेलर बस्नेत लागी परेका छन् । कारागार व्यवस्थापन विभाग र गृहमन्त्रालयका धेरैजसो कर्मचारीहरु समेतलाई थाहा छ कि बस्नेतको ३ महिनाको कार्यकाल र दिनचर्या अनिला श्रेष्ठको बचाउमा मात्र खर्चेको कहीँकतैबाट लुकेको छैन । यहाँसम्मकी आफ्नो उपसचिव पदको जागीरसमेत धरापमा पर्ने गरी बिवादित अनिला श्रेष्ठलाई आउँदो चौकिदार पदको लागि सिफारिस गरेको तथ्यले भित्रभित्रै ठूलो चलखेलको पुष्टी गर्दछ । एउटी जेल जिवन बिताइरहेकी कैदी जेलरको यो बिलासी र रमाइलो कथा सायद अहिलेसम्मकै स्मरणीय नाटकझैं मञ्चन भइरहेको आभाष हुँदैछ ।

विभिन्न संचार माध्यमहरुमा अनिलाको समाचार आउँदासमेत नत जेलर बस्नेतलाई कुनै अप्ठ्यारो महसुस छ न त कारागार व्यवस्थापन विभागलाई नै कुनै आपत्ति । उता गृहमन्त्रालयलाई भने पत्रपत्रिका, अनलाइन तथा स्वयं उपस्थित भएर दिएको जेलर ललित बस्नेत र अनिला श्रेष्ठको बारेको उजुरी हेर्न भ्याइनभ्याई छ । तर यसको सुनुवाई भने सून्य देखिन्छ ।

केही हप्ता अघिमात्र केही महिला जेलको कैद भुक्तान गरी गृहमन्त्रालय समेत पुगी जेलर ललित बस्नेत र अनिला श्रेष्ठबाट आफु सिधै ठगीएको स्वयम् उपस्थित भई दिएको उजुरीको सुनुवाई नहुनुले यो देशमा पैसा भए जसले जे गर्दा पनि हुने रहेछ भन्ने तथ्य यसले पुष्ट्याई गरिदिएको पीडितको गुनासो छ । यस्तैमा चौतर्फी बिवादको घेरामा मुछिएकी कैदी अनिला श्रेष्ठको ठाउँमा उनकै आमाजू साइनो पर्ने अर्की बिवादित निशा छिनाललाई मोटो रकम लिएर ललित बस्नेतले चौकिदार बनाउन लागेको रहस्य स्रोतबाट खुलेको छ ।

खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : भरत महर्जन, निर्देशक : अमिता लक्ष्मी श्रेष्ठ (सैंजु), प्रधान सम्पादक राजु बस्नेत, सम्पादक : शशी कोइराला, कार्यकारी सम्पादक : रूपक शाक्य
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : ई. प्रेस प्रा.लि., शान्तिनगर–३१

# आरोप-प्रत्यारोपमा उत्रियो कांग्रेस



काठमाडौं । सत्तारुढ दल नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकका लागि पदाधिकारीले १० एजेण्डा तय गरेका थिए । त्यही एजेण्डामा छलफल गर्न भन्दै २ साउनबाट सुरु भएको कांग्रेस केन्द्रीय समिति बैठक अझै जारी छ । सभापति शेरबहादुर देउवा र महामन्त्री गगन थापाले पार्टीको एक वर्षे रोडम्याप बैठकको सुरुमा पेस गरेपछि देउवाले तीनै १० एजेण्डामा केन्द्रित भएर धारणा राख्न प्रत्येक केन्द्रीय सदस्यलाई ७/७ मिनेटका दरले समय दिएका थिए ।

आइतबारसम्म १५८ जनामध्ये १५० जनाले आ-आफ्नो धारणा राख्दा एजेण्डामा केन्द्रित नभएर आरोप-प्रत्यारोपमा उत्रिए । जसले गर्दा कांग्रेस केन्द्रीय समितिले सरकार, पार्टीको आगामी रणनीति, सत्तारुढ दल र विपक्षीलाई हेर्ने दृष्टिकोण संस्थागत रूपमा तय गर्ने सम्भावना कम देखिएको छ ।

केन्द्रीय सदस्यहरूले धारणा राख्नेक्रममा पार्टी सरकारमा भएर पनि सरकारमा भएको अनुभूति नभएको, ३२ सिट भएको माओवादीलाई प्रधानमन्त्री बनाए पनि त्यसअनुरुपको व्यवहार नगरेको भन्दै बोल्ने अधिकांश केन्द्रीय सदस्यले विरोध गरेका छन् । तर, सरकारबाट बाहिरिने या माओवादीलाई ट्र्याकमा ल्याउने रोडम्याप कसैले दिन सकेका छैनन् ।

सरकारमा रहेका मन्त्रीहरूले राम्रो काम गरेको बताइरहेका छन् । सरकारमा सहभागी हुन नपाएकाले कुनै काम भएन भन्दै आलोचना गर्नमै आफ्नो धारणा राख्न पाएको समय गुजारेका छन् ।

अर्को रमाइलो त कांग्रेसमा एकले अर्कालाई खुइल्याउनमै समय व्यथित गरिरहेका छन् । मनभित्रका कुण्ठा पोख्न तयारी गरेका नेताहरू सभापति देउवाले अप्रत्याशित रूपमा बैठक लाइभ गर्ने प्रस्ताव ल्याएपछि छाँगाबाट खसेझैं भए । धेरैले नेतृत्वको चर्को आलोचना गर्ने र दबाबमा पार्नका लागि देउवाविरुद्ध बनाएको रणनीति बैठक लाइभ भएपछि रोकियो ।

तैपनि संस्थापनले इतरलाई र इतरले संस्थापनलाई खुइल्याउनमै केन्द्रीय सदस्यहरू धारणा राख्नेक्रममा प्रतिष्पर्धा गरिरहेका छन् । पार्टीको आगामी रणनीति र अन्य राजनीतिक दलहरूसँग कसरी ट्र्याकल गर्ने भन्नेमा झिनो मात्रामा मात्रै धारणा राखेका छन् ।

संस्थापनले मुख्यगरी महामन्त्री गगन थापा र केही मात्रामा अर्का महामन्त्री विश्वप्रकाश शर्मालाई र संस्थापन इतरले नक्कली भुटानी शरणार्थी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका नेता बालकृष्ण खाणलाई किन निलम्बन गरिएन भन्नेमै धारणा केन्द्रित गरेका छन् ।

यतिसम्मकि खाणले गल्ती नगरेका हुन् भने किन सरकारबाट बाहिरिन हिच्किचाएको यदि गल्ती गरेका हुन भने किन केन्द्रीय सदस्यबाट निलम्बन नगरेको भन्नेमा इतरका नेताहरूको भनाइ आएको छ ।

अर्कोतर्फ संस्थापन पक्षका नेताहरूले अदालतमा मुद्दा विचाराधीन रहेको र पार्टीमा परम्परासमेत नभएकाले खाणलाई निलम्बन गर्न आवश्यक नरहेको भन्दै यसअघि पुष्टि हुँदा पनि भ्रष्टाचार मुद्दा खेपिरहेका विजयकुमार गच्छदार र टेकबहादुर गुरुङलाई निलम्बन नगरिएको दृष्टान्त पेस गरिरहेका छन् ।

बैठकमा संगठनको अतिरिक्त निर्वाचन प्रणाली बदल्ने, पार्टी निर्वाचनमा गठबन्धन गर्ने कि नगर्ने, आफैं संलग्न रहेको सरकारले अघि बढाएको भुटानी शरणार्थी र ललिता निवास जग्गा प्रकरणका दोषीविरुद्ध कारबाही गर्ने कामको स्वामित्व लिने कि नलिने भन्ने विषय प्रमुखतासाथ उठेको छर । विचारलाई भन्दा सत्तालाई केन्द्रीय प्राथमिकतामा राखिएको विषयलाई पनि सदस्यहरूले उठाएका छन् ।

कांग्रेसको १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिमा ८५ प्रतिशत संस्थापन पक्षका छन् । पदाधिकारी र कार्यसम्पादन समितिमा पनि संस्थापनकै बाहुल्यता छ । यसले बैठकमा आक्रामक रूपमा प्रस्तुत हुने तयारी गरेका महामन्त्रीद्वय थापा र शर्मा तथा इतर समूह रक्षात्मक हुनुपर्ने अवस्थामा पुगेका छन् । संस्थापन भने आफ्ना एजेण्डा देखाएर महामन्त्री थापाले प्रस्तुत गरेको रोडम्यापलाई राम्रो भए पनि एनजिओको कार्यतालिकाजस्तो भनेर टिप्पणी गर्दै फेर्नुपर्ने मतलाई बलियो बनाउने प्रयास गरिरहेका छन् ।

किनकि, थापाको कार्यतालिका अनुरुपका कार्यक्रम भए भने संस्थापनलाई गाह्रो हुने आकलन उनीहरूको भएकाले जसरी भए पनि परिवर्तन गर्नु पर्ने पक्षमा आफ्ना दलिलहरू पेस गरिरहेका छन् ।

दोस्रो आफ्नो गुटलाई बलियो बनाउन संस्थापन पक्षका सदस्यहरू खाणलाई निलम्बन गर्न नहुने पक्षमा एकढिक्का भएर धारणा राखेका छन् । दबाबसहित खाणलाई हटाउन बाध्य बनाउने आंकलन गरिए पनि खाणको विपक्षमा बैठकमा धारणा राख्नेमा १५० जनामध्ये संस्थापन इतरपक्षका केन्द्रीय सदस्यहरू प्रदीप पौडेल, अजयबाबु शिवाकोटी र मधु आचार्यले मात्रै भएका छन् ।

मुद्दाको पुर्पक्षमा खाण थुनामा भए पनि भ्रष्टाचार मुद्दा खेपिरहेका नेता गच्छदार र मनाङबाट निर्वाचित सांसदसमेत रहेका गुरुङले भने केन्द्रीय कार्यसमितिमा उपस्थित भएरै धारणा राखे । १४ औं महाधिवेशनमा देउवाको प्यानलबाट उपसभापतिमा प्रतिस्पर्धा गरेर पराजित बनेका गच्छदारलाई देउवा सभापतिमा निर्वाचित भएपछि केन्द्रीय सदस्य मनोनयन गरेका थिए । गुरुङको सांसद पद निलम्बनमा परे पनि पार्टी केन्द्रीय सदस्य कायम छन् ।

खाणलाई निलम्बन गर्नुपर्ने मुद्दा उपसभापति धनराज गुरुङ, महामन्त्री थापा र शर्माले सुरुदेखि उठाउँदै आए पनि बैठकमा धारणा राखेनन् । बरु संस्थापन पक्षीय नेताहरुले आक्रामक ढंगले थापाको खेदो खने । पाँच दिनसम्म चलेको बैठकमा सभापति देउवा र महामन्त्री थापामाथि केन्द्रित रहेर सदस्यहरूको आरोप प्रत्यारोप चलेको थियोर ।

विधानअनुसार पार्टी सञ्चालन नगरेको र संगठनलाई भन्दा सत्तालाई केन्द्रमा राखेको भन्दै सभापति देउवामाथि संस्थापन इतरपक्षीय सदस्यहरू खनिएका छन् भने सार्वजनिक रूपमा नेतृत्वको विरोध गरेर पार्टीलाई कमजोर बनाउने काम गरेको भन्दै संस्थापन पक्षका सदस्यहरूले थापाको विरोध गरेका छन् ।

बैठकमा संगठनको अतिरिक्त निर्वाचन प्रणाली बदल्ने, पार्टी निर्वाचनमा गठबन्धन गर्ने कि नगर्ने, आफैं संलग्न रहेको सरकारले अघि बढाएको भुटानी शरणार्थी र ललिता निवास जग्गा प्रकरणका दोषीविरुद्ध कारबाही गर्ने कामको स्वामित्व लिने कि नलिने भन्ने विषय प्रमुखतासाथ उठेको छर । विचारलाई भन्दा सत्तालाई केन्द्रीय प्राथमिकतामा राखिएको विषयलाई पनि सदस्यहरूले उठाएका छन् ।

# सय किलो सुन काण्ड : भन्सार कार्यालयको अनुगमन र निगरानीमा बेवास्ता

काठमाडौं । त्रिभुवन विमानस्थलको भन्सार कार्यालय अन्यन्तै संवेदनशील निकायको रूपमा रहेको भए पनि सो निकाय डेढ महिनादेखि नेतृत्वविहीन राखिँदा सुन तस्करी गर्ने गिरोहले सहज वातावरण पाएको देखिएको छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख अरुण पोखरेल लामो समयदेखि विदामा बसेको अवस्थामा नै सय किलो सुन तस्करी भएको थियो । यसमा भन्सार विभाग र अर्थ मन्त्रालयले समेत भन्सार कार्यालयको संवेदनशीलतामाथि ध्यान दिन नसक्दा तस्करी गर्ने गिरोहलाई सहजता भएको स्रोतको दाबी छ ।

अर्थ मन्त्रालय, भन्सार विभाग र त्रिभुवन विमानस्थलको भन्सार कार्यालयबीच नियमित समन्वय हुनपर्नेमा त्यस्तो पनि हुन नसकेको पाइएको छ ।' अर्थ मन्त्रालयका एक पूर्वसचिवले नेपाल समाचारपत्रसँग भने- 'भन्सार निकायहरू अन्त्यन्तै चुस्त दुरुस्त र 'चेन अफ कमान्डमा राखिनुपर्छ, किनकि ती सबै निकाय निकै संवेदनशील निकाय हुन् ।' ती पूर्व सचिवले सय किलो सुन तस्करीको विषयले भन्सारका सबै निकाय र अर्थ मन्त्रालयको शिर निहुरिने अवस्था आएको बताए । उनले यो विषयमा अर्थ मन्त्रालय, भन्सार विभाग र विमानस्थलको भन्सार कार्यालयको गम्भीर त्रुटि रहेको दाबी गरे । विमानस्थल भन्सार कार्यालयलाई लामो समयसम्म निमित्तको भरमा राख्न नहुने र त्यसो गर्दा तस्करको मनोबल बढ्न सक्ने ती सचिवको दाबी थियो ।

भन्सार कार्यालयका कर्मचारीले जाँचपास गरिसकेपछि तस्करी गरी ल्याइएको सय किलो सुन बाहिरिने क्रममा राजस्व अनुसन्धान विभागको टोलीले पक्राउ गरेको थियो । स्रोतका अनुसार तस्करी गर्ने गिरोह र भन्सार एजेन्टले विमानस्थल भन्सार कार्यालयको नेतृत्व कमजोर रहेको र भन्सार विभाग तथा अर्थ मन्त्रालयले समेत कुनै चासो नदिएको पाइएपछि तस्करीको क्रम बढाएको देखिन्छ । २ महिनाको अवधिमा ब्रेक सुजस्ता सामानहरू २२ पटक भित्रिएको थियो । यस्तै, क्रममा साउन ३ गते भन्सारबाट बाहिरिने क्रममा तस्करीको १ सय किलो सुन बरामत भएको थियो । सो प्रकरणमा संलग्न मुख्य गिरोहको हालसम्म पहिचान हुन सकेको छैन । केही एजेन्ट र सुन भरियालाई मात्रै पक्राउ गरिएको छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालयको नेतृत अन्त्यतै चलायमान हुनपर्छ तर डेढ महिनासम्म सो कार्यालय नेतृत्वविहीन भएर निमित्तको भरमा सञ्चालन हुँदा पनि भन्सार विभाग र अर्थ मन्त्रालयको चासो नदिनुलाई शंकाको रूपमा हेर्न सकिने स्रोतको दाबी छ ।

अर्थ मन्त्रालयका अनुसार त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा यात्रु चेक र सामान चेक गर्ने गरी दुईवटा संरचनासहितको जनशक्ति रहेका छन् । जहाँ दुवै संरचनामा गरेर झण्डै १ सय ५० जना कर्मचारी रहेका छन् । स्रोतका अनुसार कार्यालयमा रहेका केही कर्मचारीलाई भन्सार एजेन्टहरूले प्रभावमा पार्ने गरेका छन् । भन्सार एजेन्टबाट प्रभावमा परेका कर्मचारी तथा भन्सार एजेन्ट आफैंले पनि माथिसम्म सेटिङ मिलाएर तस्करी गर्ने गरेका छन् । यस प्रकरणमा भन्सार कार्यालयमा धेरै समयसम्म बसेका कर्मचारीहरू र अन्यत्र गएर पटक पटक कार्यालयमा नै आएका कर्मचारीहरूको बढी मिलेमतो हुन सक्ने स्रोतको दाबी छ ।

भन्सार कार्यालयको सम्पूर्ण गतिविधि त्यहाँको नेतृत्व, भन्सार विभाग र अर्थ मन्त्रालयको नेतृत्वले समेत सीसीटिभीमार्फत् नियमित हेर्न सक्ने गरी अनुगमन प्रणालीको व्यवस्था गरिएको भए पनि भन्सार विभाग र अर्थ मन्त्रालयको नेतृत्वले सीसीटिभीमार्फत् नियमित निगरानी र अनुगमन गर्न नसक्दासमेत तस्करी हुने क्रम बढिरहेको र सय किलो सुन तस्करी भएको अधिकारीहरूको दाबी छ ।

अर्थ मन्त्रालयले सय किलो सुन तस्करी भएको एक सातापछि मात्रै त्रिभुवन विमानस्थलस्थित भन्सार कार्यालयको प्रमुख परिवर्तन गरेको छ ।

मन्त्रालयले मंगलबार भन्सार कार्यालयका प्रमुख अरुण पोखरेललाई हटाएर उनको ठाउँमा मन्त्रालयकै सहसचिव डा. टोकराज पाण्डेलाई पठाएको छ । पाण्डे केही दिनअघि मात्रै राष्ट्रिय किताबखानाको महानिर्देशकबाट अर्थ मन्त्रालयमा सरुवा भएर आएका थिए ।

विमानस्थल भन्सार कार्यालयका प्रमुख पोखरेल ढाडको समस्याका कारण लामो समयदेखि बिदामा रहँदै आएका थिए । उनी बिदामा भए पनि अर्थ मन्त्रालयले त्यतिबेला नयाँ नेतृत्वको बारेमा सोच्न सकेको थिएन् । तर, उनी बिदामा बसेकै समयमा सय किलो सुन तस्करी भएको थियो ।

सय सुन तस्करी प्रकरणपछि अर्थ मन्त्रालयले सहसचिव पाण्डेलाई त्रिभुवन विमानस्थलको भन्सार कार्यालयको प्रमुखको जिम्मेवारी दिएको हो । तस्करीपछि त्यहाँ नयाँ सहसचिव जान नमाने पनि पाण्डेलाई जिम्मेवारी दिएर पठाइएको अर्थ मन्त्रालयले जनाएको छ ।

# वीर अस्पतालमा थप शय्यासहित भीआईपी र भीभीआईपी कक्ष

काठमाडौं । वीर अस्पतालले थप शय्या र सुविधासहित भीआईपी र भीभीआईपी कक्ष सञ्चालनमा ल्याएको छ । वीर अस्पतालको पुरानो भवनमा पहिलेदेखि नै भीआईपी र भीभीआईपीका लागि दुई शय्या छुट्याइएको थियो । अहिले नयाँ सर्जिकल भवनमा ३ शय्या थप गरेर कुल ५ शय्या भीआईपी र भीभीआईपीका लागि कक्ष निर्माण गरेर सञ्चालनमा ल्याइएको हो ।

वीर अस्पतालमा सञ्चालनमा आएको भीआईपी र भीभीआईपी कक्षको मंगलबार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतले अवलोकन गरेका हुन् । स्वास्थ्य मन्त्री बस्नेतले भीआईपी र भीभीआईपीको जुनसुकै किसिमको उपचार पनि नेपालमै गर्न सकिन्छ भन्ने मान्यताका साथ वीरमा रहेको भीआईपी र भीभीआईपी कक्षको सुविधा र सङ्ख्या थप गरेर सञ्चालनमा ल्याइएको बताए ।

सरकारी खर्चमा विदेशमा गएर उपचार गर्ने प्रचलन रोक्नका लागि वीरमा अहिले चालिएको कदम प्रभावकारी हुने र सम्पूर्ण भीआईपी तथा भीभीआईपीले नेपालमै उपचार गर्ने सुविधा वीरमा उपलब्ध गरेको मन्त्री बस्नेतको दाबी छ ।

मन्त्री बस्नेतले भने, 'वीरमै सुविधा सम्पन्न कक्षको व्यवस्था र उपचारका लागि सरकारी र निजी क्षेत्रका गरी १५ सदस्यीय विशेषज्ञ चिकित्सकको टिम बनाएका छौं । त्यही टिमले उपचार गर्छ । उपचारका लागि कोही पनि विदेश जानु पर्दैन ।' मन्त्री बस्नेतले अस्पतालले दिने सेवामा कुनै कमी हुन नदिन पनि न्याम्स र वीरका पदाधिकारीलाई निर्देशन दिए । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) का उपकुलपति प्रा. डा. भुपेन्द्रकुमार बस्नेतको संयोजकत्वमा गठन भएको भीआईपी तथा भीभीआईपी उपचार विशेषज्ञ समितिमा डा. किरण श्रेष्ठ, डा. धुर्व गैरे, डा. रविराम श्रेष्ठ, डा. शैली प्रधान, डा. भगवान् कोइराला, डा. पुकारचन्द्र श्रेष्ठ, डा. महेश अधिकारी, डा. सुभाष आचार्य, डा. सुन्दुक रुइत, डा. शशी शर्मा, डा. रत्न गजुरेल, डा. भोला रिजाल, डा. मनबहादुर केसी, डा. रमेश चोखानी रहेका छन् । उपकुलपति डा. बस्नेतले पहिले पनि भीआईपी र भीभीआईपी उपचारका लागि ओपिडीमा आउने गरेको जानकारी दिँदै केही समय यता भर्ना नै हुने गरी कोही नभएको बताए ।

सुविधा सम्पन्न कक्ष बनेपछि भीआईपी र भीभीआईपी उपचारका लागि आउने विश्वास उनले व्यक्त गरे । उपचार कक्षमा आवश्यक उपकरण सहित अतिथि सत्कार कक्ष, आगन्तुक प्रतीक्षालय सहित किचेन समेतको सुविधा छ ।

वीर अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले अब उपचारका लागि विदेश जाने चलन कम हुने बताए । बिहान ८ बजेदेखि नै ओपिडी सेवा सञ्चालन गरे पछि अहिले धेरै विरामीले वीर अस्पतालमा सहज रुपमा सेवा पाइरहेको डा. पौडेलले बताए । स्वास्थ्य मन्त्री बस्नेतको निर्देशन पछि बिहान ९ बजेपछि सुरु हुने ओपिडी सेवा बिहान ८ बजेदेखि नै सुरु गरिएको छ ।

# शाखा अधिकृत कर्णले ब्युटिसियन पेशा व्यवसायमाथि नै आँच आउने कार्य गरेको संघको आरोप, आन्दोलनमा उत्रिने चेतावनी

काठमाडौं । नेपाल ब्युटिसियन संघले अध्यागमन विभागमा कार्यरत शाखा अधिकृत बन्दना कर्णले व्युटिसियन पेशामाथि नै आँचआउने कार्य गरेको भन्दै आपत्ति जनाएको छ । सुष्मा महराले चाबहिलस्थित् केएल टावरमा सञ्चालन गरेको फेसियल हाउसमा सेवा लिन आएकी शाखा अधिकृत कर्णले आफूहरुको पेशा तथा व्यवसायमाथि नै आँच आउने गम्भीर आरोप लगाएको भन्दै संघको आपत्ति छ ।

शाखा अधिकृत कर्णले फेसियल हाउसमा राखिएको सिसी क्यामेराले आफ्नो व्यक्तिगत गोपनियता माथि आँच आएको भनी महानगरीय प्रहरी बृत गौशलामा उजुरी दिएको र उक्त उजुरीमा आवश्यक अनुसन्धान भई सहमति भइसकेको विज्ञप्तिमा भनिएको छ । सहमतिपछि पनि शाखा अधिकृत कर्णले आफ्नो पदीय दुरूपयोग गरी प्रहरी प्रशासनलाई प्रभावमा पारेर सुष्मा महरालाई फेरि झुठा मुद्दा लगाउन जोडबल गरिरहेको महासंघको आरोप छ ।

'मन्त्रालय मातहतको कर्मचारी भएको नाताले आफ्नो पदीय दुरूपयोग गरी गृह मन्त्रालय, गृहसचिव तथा महानगरीय प्रहरी परिसर, टेकुलाई समेत आफ्नो प्रभावमा पारी एक पल्ट सहमति गरेको विषयमा हाम्रो यस संघका आजीवन सदस्य सुष्मा महराज्यूलाई पुनः झुठा मुद्दा लगाई प्रहरीमार्फत तत्कालै प्रक्राउ गरी गैरकानुनी रूपमा थुनामा राख्नका लागि जोडबल गरिआएको कुरा जानकारी हुन आएकाले यस गैरकानुनी कार्यप्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ,'-संघकी महासचिव शशि शाहद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

शाखाअधिकृत कर्णले सुनियोजित रूपमा दुःख, हैरानी दिई पेशा तथा व्यवसाय नै बन्द गराउनका लागि राज्य शक्तिको दुरूपयोग गरेको संघको आरोप छ । संघले शाखा अधिकृत कर्णको यस्तो कार्य अविलम्ब रोकी उनलाई कारबाहीको माग गरेको छ ।

'निज बन्दना कर्णले गरेको यस्तो गैरकानूनी क्रियाकलापलाई अविलम्ब रोकी कानुन हातमा लिनेलाई तत्काले निलम्वन गरी पदीय आचरणको दुरूपयोगको कार्यमा कानुन बमोजिम हदैसम्मको कारबाही गर्न तथा हाम्रो यस संघमा आवद्द रहनु भएका सदस्यहरुलाई सहज रुपमा सम्मानपूर्वक पेशा व्यवसाय संचालन गर्न आवश्यक वातावरण बनाई दिनुहुन सम्बन्धित सरोकारवाला पक्षहरु समक्ष संघ जोडदार माग गर्दछ,'- विज्ञप्तिमा थपभनिएको छ ।

फेसियल हाउसकी सञ्चालिका महराले सेवा लिन आएकी बन्दना कर्णले पैसा तिरेर निस्कने बेलामा उल्टो लाञ्छना लगाएको बताईन् । कर्णले सिंगो व्यवसाय र पेशाप्रति नै लाञ्छना लगाएको उनको भनाई छ । उनले आफूले गल्ती गरेको खण्डमा सजायका लागि तयार रहेको बताईन् ।

राष्ट्रिय सौन्दर्यकर्मी युनियन नेपालकी केन्द्रीय उपाध्यक्ष एवं नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) काठमाडौं जिल्ला अध्यक्ष गंगा नकर्मीले पेशामाथि नै आँच आउने काम भएको भन्दै आपत्ति जनाईन् ।

नेपाल व्युटिसियन संघकी निवर्तमान अध्यक्ष भगवती खड्काले आफ्नो पेशा/व्यवसायमाथि भएको आक्रमणमका विरुद्ध गत ३ गतेदेखि निरन्तर रुपमा लागि राखेको भएपनि कुनै ठाउँबाट सहयोग पाउन नसकेको बताईन् । उनले आफूहरुको पेशा व्यवसायमाथि राज्यले सम्मान गर्न नसकेको बताईन् ।

# डीएसपी ठगबहादुर केसी बर्खास्त

काठमाडौं । घुस लिएको आरोपमा निलम्बनमा रहेका इलाका प्रहरी कार्यालय, बुटवलका तत्कालीन प्रहरी नायब उपरीक्षक (डीएसपी) ठगबहादुर केसीलाई बर्खास्त गरिएको छ । प्रहरी प्रधान कार्यालयको सिफारिसमा उनलाई गृह मन्त्रालयले सोमबार बर्खास्त गरेको हो ।

प्रहरी प्रवक्ता डीआईजी कुवेर कडायतका अनुसार डीएसपी केसीलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी बर्खास्त गरिएको पत्र मन्त्रालयबाट प्राप्त भएको हो । प्रहरी प्रधान कार्यालयले आन्तरिक छानबिनबाट गम्भीर आचरण उल्लंघन गरेर प्रहरी ऐन विपरीतको कार्य गरेको देखिएको भन्दै केसीलाई जागिरबाट हटाउन गृह मन्त्रालयसमक्ष सिफारिस गरेको थियो ।

बुटवलमा रहँदा डीएसपी केसीको निवासबाट प्रहरीले ३५ तोला सुन, ८ लाख ५० हजार रुपैयाँ नगद, ९ लाख ५० हजार रुपैयाँको चेक लगायत बरामद गरेको थियो । लगत्तै छानबिनका लागि तत्कालीन प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) चन्द्रकुवेर खापुङको संयोजकत्वमा ५ सदस्यीय छानबिन समिति गठन भएको थियो । समितिले केसीलाई फौजदारी कसूर अन्तर्गत छानबिन गर्न सिफारिस गरेपनि आन्तरिक छानबिन मात्र भएको थियो ।

# मिटरब्याजमा प्रहरीकै उच्च अधिकारी

काठमाडौं । मिटरब्याज पीडितको समस्या समाधान गर्न यतिबेला सरकारले उच्चस्तरीय आयोग नै गठन गरि काम गरिरहेको छ । तर, पहुँचवाला मिटरब्याजीलाई भने यसले छुन सकेको छैन । मुख्य मिटरब्याजीहरु प्रहरीकै संरक्षणमा छन् ।

प्रहरी कार्यालयमा यसका प्रशस्त उदारण भेटिन्छन् । प्रहरीका कतिपय अधिकृतको ध्यान नै मिटरब्याजको पैसा उठाइदिनेमा केन्द्रीत छ । जिल्ला प्रहरी परिसर टेकुका डिएसपी श्रीराम भण्डारी त्यसमध्ये एक हुन् । परिसरमा चेक बाउन्ससम्बन्धि दैनिक ३० वटा जाहेरी दर्ता हुन्छन् ।

त्यसमध्ये ठूला बिगो भएका व्यक्तिको मुद्दामा मात्र प्रहरी अधिकारी अनुसन्धानमा केन्द्रीत हुन्छन् । थोरै बिगोको चेक भएकाहरु सामान्यतया निम्न वर्गका हुन्छन् । थोरै पैसा ठगिएपनि त्यो उनीहरुको लागि ठूलो हुन्छ । त्यसमा प्रहरीलाई मलतब हुँदैन ।

धेरै बिगो भएका मुद्दाहरु धेरैजसो चेक बाउन्ससम्बन्धि हुन्छ । त्यस्ता मुद्दामा प्रहरीले पनि मोटो कमिसन पाउँछ । सोही कारण यो शाखाका डिएसपी भण्डारी लगायत प्रहरीको ध्यान यसैमा केन्द्रीत हुन्छ ।

मिटरब्याजका पैसा उठाउन सम्बन्धित व्यक्तिका आफन्तलाई समेत धम्काउने गरिएको छ । गत साता त्यस्तै दृश्य परिसरमा देखियो । बागबजारको नेपाल सहकारीले एक व्यक्तिलाई मिटरब्याजमा एक करोड रुपैयाँ भन्दा धेरै लगानी गरेको थियो । सहकारीले बिना धितो त्यसरी पैसा लगानी गर्नै पाइन्न ।

उच्च ब्याजको प्रलोभनमा त्यसरी लगानी गरिएको थियो । सम्बन्धित व्यक्ति चर्को ब्याज तिर्न नसकी पलायन भए । त्यसपछि सहकारीले ती व्यापारीका परिवार तथा आफन्तलाई बोलाई सो पैसा तिर्न नसके थुनिदिने भन्दै धम्काएका थिए । एक प्रहरी अधिकारीका अनुसार परिसरमा यस्तो घटना दैनिक हुन्छ । चेक बाउन्स शाखामा कार्यरत प्रहरीले मिटरब्याजीको पैसा उठाएर आफुहरु समेत करोडपति बनिसकेका छन् ।

भक्तपुरमा पनि यस्तै अवस्था छ । भक्तपुर प्रहरीले मिटरब्याजको पैसा उठाउन हाल एक गाडी नियन्त्रणमा राखेको छ । साथीको गाडी धरौटी राखेर एक व्यक्तिले १४ लाख ऋण लिएका थिए । तर, त्यसको दोब्बरको चेक दिएका थिए । वास्तविक धनीको निवेदनका आधारमा प्रहरीले गाडी नियन्त्रणमा लियो तर पैसा तिर्न असम्बन्धित व्यक्तिलाई दबाब दिदै यसरी गाडीमा कब्जामा राखेको छ ।

यी घटनाले मिटरब्याजको धन्दासँग प्रहरी अधिकारी कसरी जोडिएका छन् भन्ने प्रष्ट हुन्छ । प्रहरीको अहिलेको मुख्य कमाईको स्रोत नै मिटरब्याज भएको स्रोत बताउँछ । कतिपय प्रहरीले त आफैं मिटरब्याजमा लगानी गरेका छन् । त्यसकारण त्यस्ता मिटरब्याजीको पैसा उठाउन उनीहरु आफैं सक्रिय हुने गरेका छन् ।

# 'ग्यास्ट्रिक आफैमा रोग होइन, अरु कुनै रोगहरुको लक्षण हो'

**बिरामीहरु सामान्य ग्यास्ट्रिक भनेर औषधी पसलबाट आफूखुसी औषधी किनेर खान्छन् ठिक नभएपछि जब अस्पताल आउँछन् पेटमा क्यान्सर भएर रोग पूरै शरीरमा फैलिसकेको हुन्छ । डाक्टरले केही गर्न सक्ने अवस्था हुँदैन । त्यसैले आफूलाई समस्या हुने वित्तिकै अस्पताल जाने बानी बसाल्नुपर्ने कन्सल्टेन्ट फिजिसियन तथा ग्यास्ट्रो इन्टेरोलजिस्ट डा. रोशन श्रेष्ठसँग खोजतलास साप्ताहिकले गरेको संक्षिप्त कुराकानी :**



**डा. रोशन श्रेष्ठ**, कन्सल्टेन्ट फिजिसियन तथा ग्यास्ट्रो इन्टेरोलजिस्ट

*० ग्यास्टिक रोग भन्नाले के बुझिन्छ ?*

ग्यास्ट्रिक भनेको पेटसम्बन्धी देखिने समस्यालाई ग्यास्ट्रिक भनिन्छ । पेटसम्बन्धी समस्या जस्तो पेट दुख्ने, पेट पोल्ने, खाना खान मन नलाग्ने, पेट फुल्ने, वाकवाक आउने, खाना खाँदा अड्केको जस्तो महसुस हुने, अमिलो पानी आउने, ढ्याउ–ढ्याउ बढी आउने यी सबै ग्यास्ट्रिकसम्बन्धी लक्षणहरु हुन् । हामीले वास्तवमा के बुझ्नुपर्छ भने ग्यास्ट्रिक आफैमा रोग होइन अरु कुनै रोगहरुको कारण ग्यास्ट्रिक सम्बन्धी लक्षणहरु देखिन्छ ।

*० ग्यास्ट्रिकले पेटसम्बन्धी समस्या लगायत अन्य भागमा पनि असर गर्छ ?*

मैले अगाडि नै भनिसकेँ, ग्यास्ट्रिक कुनै रोग होइन, अन्य कुनै रोगका कारण ग्यास्ट्रिकका धेरै लक्षणहरु देखा पर्छन् । पाता दुख्ने अन्य लक्षणहरु कुनै रोगका कारण पनि हुन सक्छ । विशेष गरी पेटसम्बन्धी समस्यालाई मात्र हामीले ग्यास्टिक भन्ने गर्छौं ।

*० खानपिनले पेटसम्बन्धी कस्ता–कस्ता समस्याहरु निम्त्याउँछ ?*

खानपिनले विशेष गरी ग्यास्ट्रिक सम्बन्धी समस्याका साथसाथै कन्स्टीपेशन, फ्याटी लिभर डिजिज, पित्त थैलीमा स्टोन, क्यान्सर आदि समस्याहरु निम्त्याउँछ ।

*० मानिसहरुमा बढी ग्यास्ट्रिक सम्बन्धी समस्या के कारणले हुन्छ ?*

नेपालको परिवेशमा भन्ने हो भने धेरै मानिसहरुमा ग्यास्टिकसम्बन्धी समस्या छ । वास्तवमा ग्यास्ट्रिक हुने मुख्य कारण भनेको नेपालीहरुको खानपिनकै कारण हो । विशेष गरी नेपालीहरुमा ग्यास्ट्रिक हुनुको मुख्य कारण अधिक मात्रामा चिल्लो, पिरो, अमिलो, चिया कफी धेरै खाने र बिहान खाना खाएपछि एकैचोटी लामो समयपछि बेलुकी पेटभरि टन्न खाना खाने गर्छौं, यो जीवनशैली स्वास्थ्यका लागि राम्रो होइन यस्तै जीवनशैलीका कारण ग्यास्टिक हुने गर्छ । अर्को भनेको सरसफाईका कारण पनि ग्यास्ट्रिक हुनसक्छ । हामीले खाने पानी उमालेर नखाने, खानेकुराहरु राम्रोसँग सफा नगरी खाने, खुल्ला ठाउँमा खानेकुराहरु खाने गरेका कारण ग्यास्ट्रिक गराउने ब्याक्टेरिया जसलाई हामी एच पाइलोरी ब्याक्टेरिया भन्छौं । त्यो किटाणुहरु पेटमा जान्छ र लामो समय संक्रमणपछि ग्यास्ट्रिक अर्थात् अल्सरसम्बन्धी अरु समस्याहरु बनाउँछ । हामीहरुको बानी के छ भने डाक्टरको परामर्श विनै नजिकै रहेको मेडिकल पसलमा गएर पेन किलर, एन्टीवायोटिक औषधी किनी खाने गर्छौं यो पनि एउटा ग्यास्ट्रिक गराउने कारण हो । अर्को भनेको जीवनशैली पनि हो । विलासिताको जीवनयापन गर्नु, आवश्यकताभन्दा बढी तौल बढाउनु यी सबै ग्यास्ट्रिक गराउने कारणहरु हुन् ।

*० ग्यास्ट्रिक बिग्रेपछि अल्सर हुन्छ भनिन्छ नि ?*

म फेरि पनि भन्छु ग्यास्ट्रिक भनेको कुनै रोग होइन, यो अन्य कुनै रोगको लक्षण हो । कुन कुन रोगको कारणले ग्यास्ट्रिक सम्बन्धी समस्या गराउँछ भन्दा एउटा अल्सर हो । पेटको क्यान्सरका कारणले पनि ग्यास्ट्रिकसम्बन्धी समस्या आउन सक्छ, यी बाहेक अरु विभिन्न कारणहरु जस्तै सुगर रोगी, थाइराइड, लिभर, पित्त थैली, पेनक्र्याज, किड्नीको समस्याले पनि ग्यास्ट्रिकको समस्या हुन सक्छ । एच पाइलोरी भन्ने ब्याक्टेरियाको पेटमा संक्रमण भयो भने पनि त्यसले पनि ग्यास्ट्रिक सम्बन्धी समस्या गराउँछ । वास्तवमा ग्यास्ट्रिक बिग्रेर अल्सर गराउने भन्ने हुँदैन । बरु अल्सरको लक्षण भनेको एउटा ग्यास्ट्रिक सम्बन्धी समस्या हो ।

*० अल्सर चाहिँ कसरी हुन्छ ?*

अल्सर भनेको दुई किसिमले हुन्छ । एउटा एच पाइलोरी ब्याक्टेरियाको संक्रमण भयो भने अल्सर हुन्छ । अर्को अल्सर हुने कारण भनेको चाहिँ हामीले पेन किलरहरु जस्तो ब्रुफिम, निम्स खाँदाखेरी पेटको भित्री भागमा घाउ भएर अल्सर हुने हो । अल्सर हुनुको मुख्य कारण चाहिँ यी दुईटा हुन् । त्यो बाहेक अन्य विभिन्न कारणले पनि हुनसक्छ जस्तो इन्फेक्सन, क्यान्सरको अल्सर पनि हुनसक्छ, मुख्य भनेको चाहिँ एच पाइलोरी ब्याक्टेरिया र पेनकिलर नै हो ।

*० ओभरहल ग्यास्ट्रिकसम्बन्धी समस्याबाट बच्ने उपायहरु के होला ?*

मुख्य कुरा भनेको खानपिन नै हो । समयमा खाना खानुपर्‍यो, हामीहरु एकैचोटी टन्न खानेकुरा खान्छौ त्यो गर्नुभएन, चिल्लो, पिरो, अमिलो बढी मात्रामा खानु भएन । चिया कफी धेरै खाइन्छ भने त्यो खानुभएन । चुरोट, रक्सी, खैनी खाने बानी छ भने त्यो खानुभएन । दैनिक स्वस्थ जीवनशैली जस्तो नियमित हिँडडुल, व्यायाम गर्नुपर्‍यो । अनावश्यक औषधीहरु पेनकिलर खानु भएन, सरसफाईमा ध्यान दिनुपर्‍यो । यतिमात्र गरेको खण्डमा पनि ग्यास्ट्रिक र अल्सर हुनबाट जोगिन सकिन्छ ।

*० ग्यास्ट्रिक उमेर समूहमा पनि हुन्छ ?*

ग्यास्ट्रिकको समस्या जुनसुकै उमेरलाई पनि हुनसक्छ । विभिन्न अध्ययन अनुसार २० देखि ५० वर्षको उमेर समुहका मानिसलाई ग्यास्ट्रिक भएको पाइएको छ ।

*० अल्सर बिग्रेपछि क्यान्सर हुन्छ भनिन्छ नि ?*

अल्सर बिग्रिएर क्यान्सर हुन्छ भन्दा पनि लामो समयसम्म अल्सर भयो भने दुखाई हुनुका साथै ब्लिडिङ हुन्छ । मुखबाट रगत आउने, दिशाबाट रगत जाने, दिसा कालो हुने हुन्छ । अल्सर विग्रीयो भने मुख्य कुरा ब्लिडिङ हुन्छ । अर्को अल्सर भनेको घाउ हो त्यो घाउँ निको भएपछि खाटा बसेको हुन्छ, त्यसको कारणले खाना पास नहुने, जे खाए पनि भोमिट हुने हुन्छ त्यसलाई हामी ग्यास्ट्रिक आउटलेट अस्ट्रक्सन भन्छौं । अर्को चाहिँ अल्सर फुट्न सक्छ, त्यो अवस्थामा अप्रेशन नै गर्नुपर्ने अवस्था समेत आउन सक्छ । अल्सरको मुख्य तिनवटा कम्प्लीकेशन हुन्छ, पहिलो ब्लिडिङ, दोस्रो ग्यास्ट्रिक आउटलेट अस्ट्रक्सन र तेस्रो चाहिँ पर्फरेशन । अल्सर बिग्रिएर क्यान्सर भन्दा पनि क्यान्सरकै लक्षण चाहिँ अल्सरबाट सुरु हुन्छ । अल्सर छ भने चाहिँ समान्य इन्फेक्सनले गर्दा भएको हो कि, पेनकिलर खाएर भएको हो कि अथवा क्यान्सरकै अल्सर हो त्यो छुटाउन चाहिँ जरुरी हुन्छ । त्यसको लागि इन्डोस्कोपी गरेर हेर्नुपर्छ यदि क्यान्सरकै अल्सर हो भने त्यसलाई उपचार नगरी त्यसै छाड्यो भने त्यसले ठूलो समस्या निम्त्याउन सक्छ ।

*० सुमेरु अस्पतालमा ग्यास्ट्रिक र अल्सरका विरामीहरु कत्तिको आउने गर्छन् ?*

सुमेरु अस्पतालमा मात्र होइन नेपालको अधिकांश अस्पतालमा ग्यास्ट्रिक र अल्सरका विरामीहरु आउने गर्छन् । प्रायः सुमेरु अस्पतालमा भन्ने हो भने ५० देखि ६० प्रतिशत विरामीहरु ग्यास्ट्रिक सम्बन्धी समस्या भएका विरामीहरु उपचारका लागि आउने गर्छन् । त्यो बाहेक लिभर, खाना निल्ने नली सानो–ठूलो आन्द्रा, प्यानक्रियाज, पित्तथैली सम्बन्धी समस्या भएका विरामीहरु पनि आउने गर्छन् ।

*० ग्यास्ट्रिककै कारण नियमित दिसा नहुने समस्या पनि आउन सक्छ ?*

यो समस्या ग्यास्ट्रिक सम्बन्धी समस्या भन्दा पनि ठूलो आन्द्रा अथवा तलको समस्या हो । मुख्य चाहिँ कब्जियतका कारणले यस्तो समस्या हुने गर्छ । यो समस्या हुनु भनेको कम पानी पिउनु, हरियो सागसब्जी नखानु, चिल्लो, पिरो अथवा सुख्खा खानेकुरा खानु, दैनिक ब्यायाम नगर्नु र औषधीको कारण पनि हुन्छ, विभिन्न रोगहरु जस्तो सुगर भएका विरामी, थाइराइड, प्यारालाइसिस भएका विरामी, मानसिकसम्बन्धी औषधी खाने विरामीहरु अथवा ठूलो आन्द्रामा क्यान्सर छ भने पनि कब्जियतको समस्या आउने गर्छ ।

*० प्रायः नेपालीहरुमा पित्तथैलीमा स्टोन देखिने समस्याहरु देखिन थालेको छ के कारणले यस्तो समस्या आएको होला ?*

पित्तथैलीमा स्टोन हुने धेरै कारणहरु छन्, विशेष गरी पित्तथैलीमा स्टोन देखिने चाहिँ बढीमात्रामा महिलाहरुमा हुन्छ । त्यो पनि करिब ५० वर्ष नाघिसकेको महिलाहरुमा देखिन्छ । मोटो, दैनिक व्यायाम नगर्ने, सुगर, कोलेस्टोर भएका विरामी अथवा बंशाणुगत पनि हुन सक्छ । त्यो बाहेक औषधीको कारणले पनि हुनसक्छ । अर्को भनेको रगत बिग्रिएर पनि हुनसक्छ, लिभर बिग्रिएर पनि हुनसक्छ । पित्त नलीको समस्याका कारण पनि स्टोन हुनसक्छ । एउटा दुईवटा कारणले मात्र होइन धेरै कारणले पित्तथैलीमा स्टोन हुनसक्छ ।

*० पित्तथैलीको स्टोनलाई औषधी खाएर ठिक पार्न सकिँदैन ?*

पित्तथैलीमा भएको ढुंगा औषधी खाएर केही सानो बनाउन सकिन्छ, तर धेरै लामो समय औषधी खानुपर्ने हुन्छ । त्यसकारण पित्तथैलीको स्टोन हटाउन औषधी खान खासै हामीले सल्लाह दिँदैनौं । पित्तथैलीमा ढुंगा छ भने पनि आँत्तिएर अप्रेशन गरिहाल्नुपर्छ भन्ने पनि छैन । दुखेको अवस्था, पित्त थैली सुन्निएको अवस्था, प्यानक्रियाजमा समस्या भएको अवस्थामा मात्र पित्तथैलीको ढुंगा निकाल्ने हो, अन्य अवस्थामा निकाल्नु पर्दैन ।

*० अन्तिममा छुटेका भन्नै पर्ने कुराहरु केही छन् कि ?*

मलाई भन्न मन लागेको कुरा चाहिँ एच पाइलोरी ब्याक्टेरियाको बारेमा सबैलाई थाहा छैन । यो एच पाइलोरी ब्याक्टेरिया पानी, खानाको माध्यमबाट पेटमा जान्छ र पेटमा संक्रमण गर्ने गर्छ र यसले ग्यास्ट्रिकसम्बन्धी समस्या अल्सर अथवा धेरै वर्षपछि गएर क्यान्सर पनि गराउँछ । यो ब्याक्टेरिया ग्यास्ट्रिक क्यान्सरका लागि मुख्य कारक पनि हो । सुरुमा यस्ता खाले विरामीहरु आएको खण्डमा हामीले पहिले नै एच पाइलोरी ब्याक्टेरिया छ कि छैन भनेर जाँच गराउँछौं । अध्ययनले के देखाएको छ भने अति कम विकसित राष्ट्रहरुमा ८० प्रतिशत मानिसहरुमा एच पाइलोरी ब्याक्टेरियाको संक्रमण हुन्छ सोही कारणले पनि ग्यास्ट्रिकका रोगीहरु बढी देखिएका हुन् । त्यसैले पहिलो जाँच नै एच पाइलोरी ब्याक्टेरिया छ कि छैन, छ भने दुई हप्ता एन्टिवायोटिक खाएर ठिक हुन्छ । छैन भने सोही अनुसार उपचार गर्ने गर्छौं । अर्को भन्नै पर्ने कुरा कस्तो विरामी तुरुन्त अस्पताल आउने, प्रायःजसो के हुन्छ भने विरामीहरु सामान्य ग्यास्ट्रिक भनेर औषधी पसलबाट आफूखुसी औषधी किनेर खाएर बसिरहेका हुन्छन् जब अस्पताल आउँछन् पेटमा क्यान्सर भएर रोग पूरै शरीरमा फैलिसकेको हुन्छ । डाक्टरले केही गर्न सक्ने अवस्था हुँदैन । त्यसैले आफूलाई समस्या हुने वित्तिकै अस्पताल जाने बानी बसाल्नुपर्छ । मुखबाट रगत आउन थाल्यो, दिसा कालो हुन थाल्यो, पेट फुलेर आउन थाल्यो, पहिला भन्दा एकदमै दुब्लाउँदै जान थाल्यो, खाना रुचि कम हुन थाल्यो, कसैकसैलाई खाना निल्नै गाह्रो हुन थाल्यो त्यस्तो अवस्थामा तुरुन्त अस्पताल गई डाक्टरको सल्लाह लिने गर्नुपर्छ ।

# डेंगुको 'हब' बन्यो सुनसरी

काठमाडौँ । नेपालमा पछिल्लो समय डेंगु सङ्क्रमितको सङ्ख्या बढेर ४ हजार २८९ केस पुष्टि भएको छ । डेंगु सङ्क्रमणकै कारण ३ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सुनसरी जिल्लाका मात्रै रहेको स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) जनाएको छ ।

गएको पुस महिना यता ४ हजार २८९ जनामा पुष्टि भएको महाशाखाका प्रमुख डा. रुद्र प्रसाद मरासिनीले बताए । सबैभन्दा बढी सुनसरी जिल्लामा डेंगु सङ्क्रमित पुष्टि भएको छ । सुनसरीमा मात्रै २ हजार ५४२ जना सङ्क्रमित भएका छन् ।

**कुन प्रदेशमा कति सङ्क्रमित ?**

सात प्रदेशमध्ये डेंगु सङ्क्रमित बढी कोशी प्रदेशमा छन् भने कम कर्णाली प्रदेशमा रहेको पाइएको छ । कोशी प्रदेशपछि दोस्रोमा ६६७ जना बागमती प्रदेशमा सङ्क्रमित भएका छन् भने तेस्रोमामा गण्डकी प्रदेशमा ३४४ सङ्क्रमित भएका छन् ।

यस्तै, चौथोमा सुदूरपश्चिम प्रदेशमा ३१६ सङ्क्रमित हुँदा लुम्बिनी प्रदेशमा १६६, मधेस प्रदेशमा २२ र कर्णालीमा २० जना सङ्क्रमित भएका छन् ।

**सङ्क्रमित बढी भएका टप टेन जिल्ला**

डेंगु सङ्क्रमण पुष्टि भएका जिल्लाहरूमध्ये बढी सङ्क्रमित १० जिल्लामा सुनसरीमा प्रकोपको रूपमा फैलिएको छ । सुनसरी जिल्लामा मात्रै २ हजार ५४२ केस पुष्टि भएको छ ।

दोस्रोमा ४०१ केस धादिङमा, तेस्रोमा २०५ केस कास्की जिल्लामा पुष्टि भएको ईडीसीडीले जनाएको छ । चौथोमा दार्चुलामा १९० केस, पाँचौँमा काठमाडौँ जिल्लामा परेको छ, जहाँ ८० केस देखिएको छ ।

यस्तै, छैटौँमा सङ्खुवासभा जिल्लामा ६४,म्याग्दी ५४, कञ्चनपुर ५२, रुपन्देही ४५ र मोरङमा ३८ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ ।



डेंगु सातै प्रदेशमा फैलिएकाले अब डेंगु संक्रमणले प्रकोप लिन सक्ने विज्ञहरूले चेतावनी दिएका छन् ।

डेंगु संक्रमितका यो तथ्याङ्क अस्पताल भर्ना हुनेहरूको मात्रै हो । डेंगु सङ्क्रमितमध्ये १० प्रतिशतलाई मात्रै लक्षणसहितका बिरामी अस्पताल पुग्ने गर्छन् ।

ईडीसीडीका अनुसार यस वर्ष पनि बर्खा सुरु भएसँगै डेंगु सार्ने लामखुट्टेका लागि अनुकूल वातावरण भदौ, असोज महिनासम्म हो, जसले गर्दा अब तीव्र गतिमा सङ्क्रमितको दर बढ्न सक्छ ।

**प्रभावकारी भएन नियन्त्रण कार्ययोजना**

सरकारले डेंगु सार्न लामखुट्टे बढ्न नदिने अर्थात् डेंगुका बिरामी बढ्न नदिने भनेर डेंगु रोकथाम तथा नियन्त्रण कार्ययोजना बनाइ लागू गरिए पनि प्रभावकारी भने भएको छैन ।

डेंगु फैलिएको १९ वर्षसम्म वार्षिक कार्यक्रम मात्रै गर्दै आएको ईडीसीडीले यस वर्ष वार्षिक कार्ययोजना निर्माण गरी ७७ जिल्लामा कार्यान्वयनका लागि निर्देशन दिए पनि सङ्क्रमित दर बढ्दै गएको छ ।

**डेंगुको १९ वर्ष**

नेपालमा पहिलो पटक २०६१ सालदेखि डेंगु रोग देखिन सुरु भएको हो । त्यसपछि प्रत्येक वर्ष डेंगु रोग कहिले महामारीको रूपमा त कहिले छिटफुट रूपमा देखा पर्ने गरेको छ ।

२०७९ सालमा ७७ वटै जिल्लामा सङ्क्रमण पुष्टि भएको थियो । त्यस वर्ष पुस मसान्त सम्ममा ५५ हजार धेरै केस पुष्टि भएको थियो भने ८८ जनाको मृत्यु भएको थियो ।

१९ वर्षको अवधिमा सन् २००४ देखि हालसम्म ८३ हजार ६८१ मा डेंगुको केस पुष्टि भएको छ ।

यसरी जोगिन सकिन्छ डेंगी सङ्क्रमणबाट

-पुरा बाहुला भएको लुगा लगाउने ।

-झुलभित्र मात्र सुत्ने ।

-घरको झ्याल, ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

-घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने ।

-खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।

-गमलाको प्लेट, फूलदानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने ।

-साँझ, बिहान करेसाबारीमा जाँदा, घर बाहिर टहलिँदा वा पार्कमा जाँदा बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने ।

## सम्पादकीय

# मिटरब्याजी पिडितले न्याय पाउँछन् त?

प्रतिनिधिसभामा सरकार र प्रतिपक्षी दलबीच लामो रस्साकस्सीपछि अनुचित लेनदेन (मिटर ब्याज) लाई कानुनी दायरामा ल्याउन 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०' संशोधनसहित पारित भयो ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले प्रतिनिधिसभाबाट विधेयक पारित भएपछि सार्वजनिक रुपमै भनेका छन्, 'सामन्ती शोषणको यसप्रकारको अवशेषलाई अन्त्य गर्न यो ऐन निर्माणले थप मद्दत मिलेको छ । मिटर ब्याज पीडितलाई न्याय दिलाउने अभियानलाई अझै सचेततापूर्वक मेहनत गर्नु जरुरी छ । न्यायको पक्षमा दृढतापूर्वक अघि बढौं ।'

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले प्रतिनिधिसभामा पेस गरेको विधेयक ऐनमा परिणत भएपछि मात्रै त्यसको कार्यान्वयन पक्षको मूल्याङ्कन गर्न सकिने बताउँछन् अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोगका सदस्य एवं पूर्व एआईजी उत्तमराज सुवेदी । सुवेदीका अनुसार लेनदेनको विषयलाई लिएर पीडकले पीडितलाई धाकधम्की दिएमा पनि अनुचित लेनदेन तथा ठगीको मुद्दा चलाउन सकिन्छ । लेनदेखको विषयलाई लिएर पीडकले पीडितको जग्गा वा अन्य सम्पत्ति अर्कै व्यक्तिको नाममा हस्तान्तरण गरेको ठहरिएमा पीडितकै नाममा फिर्ता गराउने र छलफल गराउने आधार विधेयकले समेटेको छ ।

**प्रतिनिधिसभामा सरकार र प्रतिपक्षी दलबीच लामो रस्साकस्सीपछि अनुचित लेनदेन (मिटर ब्याज) लाई कानुनी दायरामा ल्याउन 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०' संशोधनसहित पारित त भयो अब केही दिनमै कार्यान्वयनमा आउने तरखरमा रहेको यो विद्येकबाट मिटरब्याजीबाट पीडित बनेकाहरूले के राहत पाउलान् त ?**

गृह मन्त्रालयको कानुन महाशाखाका सहसचिव भरतमणी रिजालले विधेयक प्रमाणीकरण भएपछि मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनमै स्वतः समेटिने बताए । उनले कानुन मन्त्रालयले विधेयक पेस गरे पनि त्यसको कार्यान्वयन गृह मन्त्रालय र सरकारी वकिल कार्यालयले गर्ने बताए । गरिबलाई एकको तीन अर्थात् १० हजार लिएर ३० हजारको कपाली तमसुक गर्ने साहुकारहरु यसअघि माइतीघर मण्डलामा धर्नामा बसेका थिए । ऋणको रकमभन्दा धेरै बढाएर तमसुक लेखाउन पल्केका उनीहरुले बैंकले हर्जानासमेत २५ देखि ३० प्रतिशत ब्याज लिन्छ त हामीले किन बढी ब्याज लिन नपाउने ? भन्दै धर्नामा बसेपछि सरकारले दुवै पक्षको कुरा सुन्न आयोग नै बनाएर काम थालेको हो ।

मधेसका पीडितको गुनासो र सुनुवाइ मधेस प्रदेश सरकार र स्थानीय सरकारको रुपमा रहेका नगरपालिका, गाउँपालिका लगायतले नगरेपछि ऋणीहरु बाध्य भएर संघीय सरकार गुहार्दै ११ दिनको पैदलयात्रासहित राजधानीमा आन्दोलनमा उत्रिएका थिए ।

आयोगले ७७ वटै जिल्लाबाट निवेदन मागेको थियो । निवेदनको विश्लेषण गर्दा २४ हजार ऋणीले साहुकारमार्फत् जम्मा ८९ करोड ८ लाख १४ हजार ७ सय ४३ रुपैयाँ ऋण लिएको देखिन्छ । तर, साहुकारहरुले ब्याज जोडेर एक अर्ब ७१ करोड २८ लाख ८२ हजार ७ सय ९६ रुपैयाँ मागेका थिए । अनुचित लेनदेन (मिटर ब्याजी) साहु र पीडितहरु बीच जिल्ला प्रशासन कार्यालयमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बनेको कार्यदलले छलफल र मेलमिलाप गराउँदा ऋणीहरुलाई राहत मिलेको छ ।

आयोगका अनुसार कतिपय ऋणीले आपसी सहमतिमा मिलापत्र गर्न निवेदन फिर्ता लिए भने निवेदकले पनि निवेदन फिर्ता लिए । पहिले साँवा र ब्याज तिरी सकेकोमा अब थप लिन र दिन नपर्नेगरी मिलापत्र समेत भएको छ । आयोगका अनुसार कोशी प्रदेशका झापा, मोरङ, सुनसरी लगायत १० जिल्ला, मधेस प्रदेशका सप्तरी, सिरहा, धनुषा लगायत ८ वटै जिल्ला, बागमती प्रदेशका रामेछाप, काभ्रे, नुवाकोट लगायत ११ वटा जिल्ला, गण्डकी प्रदेशका गोरखा, कास्की, नवलपरासी पूर्वलगायत ८ वटा जिल्ला, लुम्बिनी प्रदेशका रोल्पा, पश्चिम नवलपरासी, कपिलबस्तु लगायत ८ वटा जिल्ला, कर्णाली प्रदेशका जुम्ला, सुर्खेत, सल्यान लगायत ५ वटा जिल्ला र सुदूरपश्चिम प्रदेशका डडेल्धुरा, कैलाली र कञ्चनपुर गरी जम्मा ५५ वटा जिल्लाबाट २३ हजार ९ सय ९५ वटा अनुचित लेनदेन (मिटर ब्याज) का निवेदन परेको थियो । जसमध्ये एक हजार ८ सय ६६ वटा निवेदन फर्स्यौट भएका छन् ।

प्रतिनिधिसभामा सरकार र प्रतिपक्षी दलबीच लामो रस्साकस्सीपछि अनुचित लेनदेन (मिटर ब्याज) लाई कानुनी दायरामा ल्याउन 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०' संशोधनसहित पारित त भयो अब केही दिनमै कार्यान्वयनमा आउने तरखरमा रहेको यो विद्येकबाट मिटरब्याजीबाट पीडित बनेकाहरुले के राहत पाउलान् त ? मिटरब्याजीहरुले पावर र शक्तिकै आडमा मिटरब्याजमा लगानी गरी ऋणीहरुलाई घर न घाटको बनाउने काम अब रोकिएला त ? यसतर्फ सम्बन्धित निकायले सोच विचार गरेर मिटरब्याजीबाट पीडित बनेकाहरुलाई ठाउँको ठाउँ न्याय दिने काम गर्नुपर्ने अवस्था आइसकेको छ । यसतर्फ सबै मिटरब्याजमा ऋण लिनुभन्दा पहिला सोच विचार गरेर मात्र ऋण लिन सचेत गराउन पनि आवश्यक भइसकेको छ । यसतर्फ समयमै सबै पक्षको चेत खुल्नुपर्ने अवस्था आइसकेको छ । समयमै सबैको चेत खुलोस् ।

# दण्डहीनता, भ्रष्टाचार र ठूला घोटालामा प्रहरी अनुसन्धान

**श्याम प्रसाद मैनाली**

वर्तमान सरकार ठूला-ठूला भ्रष्टाचारजन्य घोटालाहरूमा भएको अनुसन्धानका कारण अल्प अवधिमा प्रशंसित बन्दै गएको छ । यी प्रकरणहरूमा अनुसन्धान गर्दै जाँदा फेला परेका अपराधीहरुलाई कानुनको कठघरामा उभ्याउन सफल भएको छ । जनताले प्रहरीको यस साहसलाई मुक्तकण्ठले प्रशंसा गरिराखेका छन् । यी राष्ट्रकै बेइज्जत हुने प्रकारले गरिएका ठूला-ठूला काण्डहरूमध्ये ललिता निवास जग्गा प्रकरणले अत्यधिक महत्व पाएको छ । यसमा राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र, ठूला व्यापारी घरानाहरू, भूमाफियाहरू, दलालहरू आदि सबै प्रकारका अपराधीहरुको सुनियोजित साँठगाँठ भएको स्पष्ट छ ।

यतिखेर जुनसुकै तहका र पेसाका भए पनि सम्पूर्ण अपराधीमाथि कारबाही हुनुपर्ने माग जनस्तरबाट भइराखेको छ । विशेष गरी ठूला जिम्मेवारीमा रहेकाहरुलाई दण्डित भएको हेर्ने तीव्र प्रतीक्षा जनस्तरबाट भइराखेको छ । जग्गा माफिया र ठूला राजनीतिज्ञ विशेष गरी सरकार प्रमुखहरूसमेतको मिलिभगतमा भएको यो सरकारी जग्गा हडप्नेहरुलाई कडा कारबाही भएको हेर्न जनता लालायित छन् । सरकारी जग्गा जनताको सम्पत्ति भएकाले सो फिर्ता भएको देख्न चाहेका छन् ।

**के हो ललिता निवास प्रकरण ?**

नेपालमा प्रजातन्त्र प्राप्तिका लागि अनवरत त्याग र आजीवन अर्पण गरेका नेपाली कांग्रेसका नेता स्व. सुवर्णशमशेर राणाको व्यक्तिगत सम्पत्ति घरजग्गा नै ललिता निवास हो । पञ्चायती कालमा अराष्ट्रिय तत्वको संज्ञा दिइएका सुवर्णजी २०१७ सालको राजनीतिक परिवर्तनपश्चात् प्रवासमा रहेर राजनीतिक संघर्ष गरिराखेका थिए । उनको जग्गा केही मुआब्जा दिएर, केही मुआब्जा नदिएर पनि सरकारले छिनेको थियो । २०४६ सालपश्चात् त्यही जग्गामा नेपालका सरकार प्रमुखहरू र भूमाफियाहरुको दृष्टि परेको हो ।

२०४९ सालबाट यस अपराध कर्मको प्रारम्भ भई २०६९ सालसम्मका सरकार प्रमुखहरु संलग्न रहेका थिए । १४१ रोपनी जग्गा राजनीतिज्ञ, कर्मचारी, भूमाफिया, बिचौलियालगायतले हडपेका हुन् । समाचार माध्यमहरूका अनुसार यस अपराधमा भ्रष्टाचार मुद्दा पेस भई अदालतमा विचाराधीन रहेकाहरूबाहेक अन्य ४ सयभन्दा बढी संलग्न भएको पाइएकोले उनीहरुका विरुद्ध अनुसन्धान भइराखेको छ । प्रहरीले क्रमशः यी अपराधीहरुमाथि प्रमाणका आधारमा गिरफ्तार गर्दै अदालतसमक्ष पेस गरिराखेको छ ।

**यस घटनाबाट प्राप्त सन्देश :**

२०४९ सालबाट देखिएको सरकारी चासो २०७७ साल आइपुग्दासम्म उजागर भएन । तीन वर्षपहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले केही मन्त्री, सचिव, बिचौलिया, माफियाहरूका विरुद्धमा मुद्दा दायर गरेको थियो । हाल सो मुद्दा विशेष अदालतमा विचाराधीन छ । त्रिताल आयोगले यसमा संलग्न हुने अपराधीहरुको नामावली र अपराधमा संलग्न अवस्थासमेतको प्रतिवेदन पेस गरेको थियो । यसले प्रहरी र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अनुसन्धान गर्न सहज बनाएको थियो । तर यत्ति ठूलो काण्डमा घनिष्टरुपले संलग्न भएका राजनीतिक अपराधीहरू केहीलाई सफाइ दिने काम भयो । त्रिताल आयोगले यस अपराधमा संलग्न सबैलाई कडा कारबाहीको मागसमेत गरेको थियो । तर सरकार प्रमुखहरुलाई आयोगसँग अधिकार नभएको कारण दिइएको उन्मुक्ति र केही राजनीतिज्ञलाई दिइएको सफाइका सन्दर्भमा सचेत नागरिकहरू विस्वस्त हुन सकेका छैनन् ।

प्रहरीलाई किर्तेमा अनुसन्धान गर्ने अधिकार कानुनले दिएको छ । भ्रष्टाचारमा मुद्दा चलाइएका र नचलाइएकाहरू सबैलाई यदि उनीहरू दोषी देखिएमा अदालतसमक्ष पेस गर्ने जिम्मेवारी प्रहरीको हो । नेपाल प्रहरीसँग यो दक्षता पनि छ । तर पनि लामो अवधिसम्म प्रहरी निष्क्रिय रहेको थियो । यसमा प्रहरीले सरकारको समर्थन नपाएर ढिलासुस्ती भएको हो । वर्तमान समयमा यो अपराध उजागर गर्न आंशिकरुपमै भए पनि प्रहरी लागिपरेकाले यसको श्रेय वर्तमान सरकार प्रमुख र विशेष गरी गृहमन्त्रीलाई दिनु नै पर्दछ । सरकारी दस्तावेजहरू किर्ते गरेको र संगठित अपराध गरेकोमा प्रहरी अनुसन्धान जारी रहेको छ । अर्बौं रुपियाँको भ्रष्टाचार भएको यस घोटालामा प्रहरीलाई सबैले सहयोग गर्नुपर्ने र अदालतमाथि विश्वास गर्नुपर्ने अवस्था छ ।

यी सबै प्रकारका अपराधहरू एकै समय अनुसन्धान गरेर अपराधीहरुलाई दण्डित गरिनुपर्दथ्यो । चरणबद्ध काम भइराखेको छ । यसमा प्रहरीले सरकारको सहयोग र साथ नपाएकोमा कुनै सन्देह रहँदैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष गरी केही राजनीतिज्ञहरू र ठूला जिम्मेवारीमा रहेकाहरुलाई सफाइ दिने काम गरेको थियो । त्यसैले आयोग नेपाल प्रहरीसरह नै प्रशंसित हुन सकेन । धेरै प्रकारका आलोचनाहरू आयोगका सम्बन्धमा भएका छन् । अब वर्तमान समयमा भइराखेको अनुसन्धानसमेत सानातिना पदाधिकारीहरू र बिचौलियाहरूमा मात्र सीमित भएमा प्रहरीको समेत तीव्र आलोचना प्रारम्भ हुनेछ । अत्यन्त ज्यादा राजनीतीकरण भएकाले प्रहरीमा राजनीतिज्ञहरुको निर्देशनको अभावमा आफ्नो कला र क्षमता प्रदर्शन गर्न नसक्ने अवस्था छ । यस अनुसन्धान प्रक्रियाको अन्त्य कसरी हुन्छ ? यसैमा वर्तमान गृहमन्त्रीको समेत मूल्यांकन जनताबाट हुने स्थिति छ । पटक-पटक अनुसन्धान गरिँदा लामो समयदेखिको विभिन्न क्षेत्रहरुको संलग्नतामा भइराखेको अपराधका कारण कतिपय अभियुक्तहरुले मृत्युवरण गरिसक्नुभएको छ । कतिपय जीवनको उत्तरार्द्धमा पुग्नुभएको छ । अनुसन्धान ढिलासुस्ती भएकाले अपराधीहरू उम्किएको अवस्था पनि देखिएको छ । यसमा प्रहरीलाई आफ्नो कर्तव्य निर्वाह गर्न अवरोध पुऱ्याउने पटक-पटक सरकारमा सहभागी हुनेहरुले जवाफदेहिता लिनुपर्दछ ।

देशका प्रधानमन्त्रीहरू आफ्नो निवासको बहुमूल्य जग्गा व्यक्तिका नाममा दिन तत्पर भएका छन् । मुआब्जा दिएका सरकारी जग्गाहरू माफियाहरुलाई सुम्पन्छन् । पटक-पटक सरकारको नेतृत्व लिइरहँदा यसमा ध्यान दिने उत्साह प्रकट गर्दैनन् । यसपटक सरकार प्रमुख हुँदा अनुसन्धान गराइरहेका छन् । कहीँ कतै यो ठूलो नामावलीमा राजनीतिक प्रतिशोधको अवस्था त आएको छैन ! राजनीतिक आग्रह र पूर्वाग्रहका आधारमा कसैलाई मुद्दा चलाउने र कसैलाई उन्मुक्ति दिने प्रपञ्च त होइन ! प्रश्नहरु विभिन्न कोणबाट उठ्न थालेका छन् । प्रधानमन्त्री निवास, प्रधानन्यायाधीश निवास, नेपाल राष्ट्र बैंक, अतिथि गृह, सभामुखको निवाससमेत रहेको यस क्षेत्रमा भएको घोटालाका लागि सरकार प्रमुखहरुले जिम्मेवारी लिनुपर्दछ ।

कानुनी छिद्रलाई उपयोग गर्दै यी अपराधीहरुले कमिसन र घुसको रुपमा ठूलो मात्रामा जग्गा नै प्राप्त गरेको, असम्बन्धित मन्त्रालयबाट कारबाही उठी मन्त्रिपरिषद्ले निर्णय लिएको अवस्था छ । यस प्रक्रियामा सरकारी दस्तावेजहरू किर्ते गरिएका छन् । जग्गाको स्वामित्ववाला व्यक्तिहरु नै किर्ते खडा गरिएका छन् । धेरैवटा सम्बन्धित असम्बन्धित मन्त्रालयहरु एवं निकायहरु संलग्न रहेका छन् । यसबाट आमस्तरमा अभियोजन तयार हुने अवस्था स्पष्ट छ । तर सन्देह कानुनी हिसाबले अपराधी देखिएका तर परिबन्धमा परेकाहरूसमेत दण्डित हुने अवस्था छ । जिम्मेवारीमा रहेकाहरू जो-कोही जुनसुकै समयमा पनि दण्डित हुने स्थिति देखिँदै छ । यसबाट आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएर कार्य गर्न राष्ट्रसेवकहरु तयार नहुने वातावरण बन्नेछ । उदाहरणका लागि तत्कालीन भौतिक योजना मन्त्री विजयकुमार गच्छदारलाई तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले यस प्रकरणमा कारबाही उठाउन लगाए, कृत्रिम मोही खडा गर्ने कार्य भयो । नेपालले नै त्यस जगामा ठूलो बाटो बनाएर जग्गाको मूल्य बढाउने कार्य गरे । विजयजीले प्रधानमन्त्रीको आदेशलाई शिरोधार्य गर्न पुगे । यो काम भूमिसुधार मन्त्रालयबाट हुनुपर्दथ्यो, कार्य विभाजन नियमावली नबुझेका कोही थिएनन् । भूमिसुधारले सरकारी जग्गामा मोहियानी नलाग्ने निर्णय गरिसकेको थियो । आफ्नै अन्तर्गतको एक निकायबाट निर्णय भइसकेको विषयमा असम्बन्धित मन्त्रालयमा यो मामिला उठान गर्न प्रधानमन्त्रीले किन लगाए ? के आफैँ नियमावली बनाउने जिम्मेवारीमा रहेका मन्त्रीलाई आफ्नो कार्यक्षेत्रको बारेमा अवगत नभएको हो ? के भौतिक योजना मन्त्रालयका सचिवलाई यसबारेमा कुनै जानकारी नभएको हो ? त्यस मन्त्रालयमा रहेका कानुन अधिकृतहरुले यसबारेमा आफ्नो विशेषज्ञ राय दिएका थिएनन् वा गलत दिएका थिए ? एक पदाधिकारीलाई ज्ञान नहुन सक्छ । लामो समयसम्म सेवामा कार्यरत रहेकाहरू सबै यसमा अनभिज्ञ थिए भनेर नागरिकले विश्वास गर्नुपर्ने हो ? यी प्रश्नहरुको उत्तरबाटै अपराधीहरूको असली नियत स्पष्ट हुन्छ । यसबारेमा अनुसन्धान अधिकृतको ध्यान पर्याप्त जानु आवश्यक छ ।

नेपालमा लामो समयदेखि ठूला अपराधीहरुलाई कानुनी छिद्रको सहारा लिएर वा आममाफीबाट अपराध मुक्त गरिने प्रचलन छ । पञ्चायती समयमा भएका घोटालाहरूमा समेत यस्तै प्रवृत्ति देखिएको थियो । यसै कारणले गर्दा अनुसन्धानको जिम्मेवारी पाएकाहरूले कडाइका साथ अनुसन्धान गर्ने साहस गर्दैनन् । ढिलो-चाँडो यिनै अपराधीहरु देशमा शासन सत्तामा पुग्ने अवस्था धेरैपटक बनिसकेको छ । विगतका जघन्य अपराधीहरू आजका शासक बनेका छन् । अपराधीहरुकै आशीर्वचन सुन्नुपर्ने अवस्थामा नागरिकहरु र इमानदार राष्ट्रसेवकहरु रहेका छन् । जो भ्रष्ट छ उसैबाट भ्रष्टाचारविरुद्धका धाराप्रवाह अभिव्यक्ति सुन्नुपरिराखेको छ । राजनीतिक दलहरुले स्रोत-साधन पर्याप्त संग्रह गर्न सफल अपराधीहरुलाई टिकट दिई प्रोत्साहन गरिराखेका छन् । सबै प्रकारका अपराधीले अपराध गरेबापत दण्डित हुनु नपर्ने अवस्था सृजना गरिएको छ । यस अवस्थामा के यो अनुसन्धान स्वतन्त्र र निष्पक्ष तवरले हुन सक्ला ? सबैका मन-मस्तिष्कमा यो प्रश्नले राज गरिराखेको छ ।

सबै राजनीतिक दलहरूका शीर्षस्थहरू कुनै न कुनै काण्डमा संलग्न छन् । यसका कारण आ-आफ्ना पालामा सबै प्रकारका अपराधबाट अभयदान प्राप्त गर्न उच्चस्तरीय सहमति राजनीतिक दलहरूबीच बनेको छ । यसले गर्दा देशमा लुटतन्त्र मौलाएको छ । कुनै दलसँग सम्बन्धित अपराधीलाई कारबाही गर्दाको परिणाम अत्यन्त जोखिमपूर्ण हुने सन्त्रास सबैमा छ । यिनै कारणले गर्दा साधारण जिम्मेवारीमा रहेका कर्मचारीहरुलाई मात्र बलिमा चढाउने प्रवृत्ति बढिराखेको छ । यही संस्कार र प्रवृत्तिबाट हुर्किँदै पटक-पटक शासन सत्तामा पुगेकाहरूबाट राजनीतिज्ञहरुमाथि कारबाही पूर्वाग्रहविना हुने सम्भावना अत्यन्त न्यून देखिँदै छ । सरकार बचाएर दोषीहरु सबैलाई कानुनी कारबाही गर्ने सन्दर्भ नेपालको अहिलेको कमजोर संसद्मा कठिन छ ।

३२ स्थान रहेको दलले सरकारको नेतृत्व गरिराखेको छ । १०-१२ संख्याले समर्थन नगरिदिँदा सरकार गिर्दछ । अभियुक्तहरु सरकारकै सहभागी दलहरुमा रहेका छन् । उनीहरुमाथि कारबाही गरेका दिन सरकार गिर्दछ । यो चुनौती सरकारले सामना गर्नुपरिराखेको छ । नागरिकहरूमा सकारात्मक प्रभाव बनाउने साहसका साथ सबैमाथि कारबाही गरेर जनताको तर्फबाट समर्थन प्राप्त गर्ने अवसर सरकारलाई छ । कुन विकल्पमा जाने हो ? सरकारले निर्णय लिनुपर्ने बाध्यात्मक अवस्था छ ।

**उपसंहार :**

अहिले बजारमा आएका नक्कली भुटानी शरणार्थी र ललितानिवास काण्डहरुको अनुसन्धान र अभियोजन हुँदै गर्दा नेपाल प्रहरीले प्रशंसा पाएको छ । यसलाई निरन्तरता दिन सक्ने सामर्थ्य प्रहरीले देखाउन सक्नुपर्दछ । चोर बाटोबाट प्रस्ताव पेस गर्न निर्णय दिने नेपाल नेतृत्वको सरकार र सरकारी जमिनमा किर्ते मोही तयार पार्ने अर्का प्रधानमन्त्री बाबुरामजी यस काण्डका ठूला अपराधी रहेको आलोचना भइराखेको छ । हालसम्म यी ठूला अभियुक्तहरुलाई अनुसन्धानका क्रममा प्रहरीले गिरफ्तार गर्न नसक्नुका कारण सरकार र प्रहरीको कार्यप्रति सन्देह हुँदै आएको छ । फौजदारी अपराधहरुको अनुसन्धानमा इमानदारिता प्रदर्शन गर्न सक्दा जनस्तरबाट विश्वास आर्जन गर्न सक्ने अवस्था र अवसर सरकारका गृहमन्त्री र प्रहरीलाई छ । देशमा अल्प अवधिमा एकपछि अर्का ठूला-ठूला भ्रष्टाचार काण्डहरु हुँदै आएका छन् । पशुपतिनाथको जलहरी काण्ड, ओम्, वाइडबडी, ७० करोड टेप प्रकरण, नक्कली भुटानी शरणार्थी, ललितानिवास जग्गालगायतका थुप्रै काण्डहरू भएका छन् र हुने क्रममा रहेका अनुमान गर्न सकिन्छ । यस परिस्थितिमा यदि सरकारले साहस गर्न सक्दा यस प्रवृत्तिमा सुधार हुन सक्ने स्थिति वन्दछ । अपराधीहरुलाई भ्रष्टाचार, किर्ते, संगठित अपराधलगायतका सबै प्रकारका कानुनी प्रावधानका आधारमा कारबाही गरिनुपर्दछ । सेटिङ र सञ्जालका आधारमा अभ्यस्त देशका शासकहरूमा सुधार ल्याउन राष्ट्रसेवकहरुको योगदान जरुरी भएको छ । आवश्यक पर्दा यी सबै प्रकरणहरू स्वतन्त्र र शक्तिसम्पन्न न्यायिक आयोगमार्फत छानबिन गराउनसमेत सरकार पछि हट्नुहुँदैन ।

प्रधानमन्त्रीले हरेक पन्ध्र दिनमा एक घोटालाको पर्दाफास गर्ने अभिव्यक्ति दिनुभएको छ । बुढीगण्डकी र क्यान्टोनमेन्ट घोटालाको छानबिन गर्ने जिम्मेवारी अर्को सरकारलाई दिएर अन्य सबै घोटालाहरुको छानबिन गराउन सक्दा प्रधानमन्त्रीको राजनीतिक अवस्था थप सुदृढ हुनेछ । सरदर एक वर्षमा एक सरकार बन्ने अवस्था रहेको छ । वर्तमान सरकारको पनि विकल्प आउन सक्छ । यस अवस्थामा सरकार बचाउने लोभमा अपराधीहरुलाई उन्मुक्ति दिने हो वा सबैलाई कारबाहीको कठघरामा उभ्याएर दण्डित गर्ने हो ? यसबारेमा निर्णय लिने अवसर प्रधानमन्त्रीलाई छ ।

# पर्सामा तीन ठाउँको सार्वजनिक जग्गा भू-माफियाको कब्जामा

राष्ट्रिय सम्पदा संरक्षण अभियानका संयोजकज फर अन्सारीले पर्साको विभिन्न ठाउँमा भू-माफियाहरुले सरकारी जग्गाकब्जा गरेको आरोप लगाएका छन् । उनले पत्रकार सम्मेलन गर्दै प्रमोद विक्रम साह, इन्दुमती देवी केडिया र हिरादेवी ब्राहमणीले पर्साका विभिन्न ठाउँको जग्गा आफ्नो नाममा बनाएको आरोप लगाएका हुन् ।

सरकारी जग्गा हडि्पनेहरुका विरुद्धमा आफूले कानुनको साहरा लिन खोजे पनि न्यायलयमा भू-माफियाको पकड र प्रभाव रहेको कारणले सम्भव नभएको उनको दुःखेसो छ ।

'वीरगञ्ज छपकैया वडा नं-२ स्थित घण्टाघरदेखि रक्सौल भारतको मितेरी पुलजाने मेन बाटोमा लगभग चार विघा क्षेत्रफल भएको जग्गा कसरी फिर्ता गराउने भन्ने सन्दर्भमा कानुन विज्ञहरुको सल्लाहअनुसार मैले मुद्दामामिला गर्दा अहिलेको परिस्थितिमा न्याय पाउन धेरै गाह्रो भयो । न्यायालयमा पनि भू-माफियाहरुको पकड र प्रभाव अतिनै मजबुदछ,'- उनले भने ।

परापूर्वदेखि सार्वजनिक रहिआएको छपकैया पोखरी भू-माफिया प्रमोद विक्रम शाहले किर्ते जालसाजी गरी आफ्नो नाममा जग्गाधनी श्रेस्ता पुर्जा कायम गराएको उनको आरोप छ । भू-माफिया साहको उक्त कार्यविरुद्ध आफूले दायर गरेको मुद्दामा २०६५ साल असार २६ गते जिल्ला अदालत पर्सा र २०६७ साल असार २८ गते पुनरावेदन अदालत हेटौंडाबाट उक्त जग्गा सार्वजनिक नै भएको ठहर भएको उनले बताए ।

जिल्ला अदालत र उच्च अदालतको उक्त फैसलालाई तत्कालीन सर्वोच्च अदालतका न्यायाधीश चोलेन्द्र शम्शेर जबरा र दीपकराज जोशीको संयुक्त इजलाशले भूमाफिया साहकै हक लाग्ने ठहर गरेको उनले बताए । न्यायाधीशद्वयले प्रलोभनमा परेर उक्त फैसला गरेको उनको ठहर छ ।

उक्त सरकारी जग्गा व्यक्तिको नामबाट सार्वजनिक गराउन आफूले अहिले पनि मुद्दा अगाडि बढाइरहेको उनले बताए । उनले अहिले उच्च अदालत बीरगञ्जमा उक्त मुद्दा लामो समयदेखि विचाराधीन रहेको बताए ।

त्यस्तै, पर्साकै छपकैयास्थित कित्ता नं. ११७ र ९७ को नेपाल सरकारको नाममा रहेको जग्गा इन्दुमती देवी केडियाको नाममा दर्ता भएको उनको दाबी छ ।

वीरगञ्ज महानगर वडा नं. १२ को कित्ता नं.४३ को रामजानकी मन्दीरको जग्गा हिरा देवी ब्राहमणीको नाममा दर्ता भएको उनको आरोप छ । उक्त मुद्दामा आफूले अदालतमा मुद्दा दर्ता गराए पनि प्रलोभनमा परेर अदालतले भू-माफियाकै पक्षमा फैसला गरेको उनको आरोप छ ।

एउटा साधारण नागरिकले कानुनी प्रक्रिया, कानुनी जटिलता, कानुनी आधार र प्रमाण खोजेर आफ्नो नीजि खर्चबाट सार्वजनिक सम्पत्तिको संरक्षण गर्न खोज्दा राज्यले नै बेवास्ता गरेको उनको दुखेसो छ । न्यायमा सर्वसाधरणहरुको सहज पहुँच हुनुपर्ने भए पनि केही भ्रष्ट न्यायाधीशहरुका कारण नेपालमा त्यो असम्भव भएको उनको दाबी छ । सार्वजनिक सम्पत्ति संरक्षणका लागि आफूलाई सहयोग गर्न उनले सबै समक्ष आग्रह गरे ।

कार्यक्रममा सामाजिक अभियन्ता तबरेज आलमर अधिवक्ता पुण्यप्रसाद गौतमले आफ्नो धारणा राख्दै पर्सामा मात्रै नभएर सरकारी जग्गा हडप्ने गिरोह देशभर नै व्याप्त रहेको बताए । उनीहरुले सबै जिम्मेवार नागरिकलाई सरकारी सम्पत्ति संरक्षणमा लाग्न समेत आह्वान गरे ।

# ‘चाइनाज इमरजेन्स इन नेपाल्ज इन्फ्रास्ट्रक्चर’- नेपालमा चिनियाँ लगानीको इतिवृत्त

**रणधीर चौधरी**

‘चाइनाज इमरजेन्स इन नेपाल्ज इन्फ्रास्ट्रक्चरः स्टाट्स, इस्सु एण्ड च्यालेन्जेज’ यसको नेपाली अनुवाद गर्दा नेपालको पूर्वाधारमा चीनको उदयः स्थिति, समस्या र चुनौतीहरु । यो पुस्तक सेन्टर फर सोसल इन्क्लुजन एण्ड फेडेरालिज्म (सीईएसआईएफ) नामक संस्थाले प्रकाशन गरेको छ । गैरनाफामुखी, स्वायत्त र स्वतन्त्र निजी अनुसन्धानमूलक संस्था सीईएसआईएफले क्रस बोर्डर सम्बन्ध, भूराजनीति, परराष्ट्र नीति, विदेशी प्रत्यक्ष लगानी, पहिचानको राजनीति, सैन्य कूटनीतिलगायतका विभिन्न विषयमा अनुसन्धान गर्दै आएको संस्था हो । यस प्रतिवेदनका लेखक अमिशराज मुल्मी, अर्पण गेलाल, अनिल गिरी, रौनवसिंह खत्री र मिलन आचार्य हुन् ।

चिनियाँ कन्ट्रेक्टर र नेपाली निर्णयकर्ताहरुको स्थानीय एजेन्टहरुबीचको सम्बन्ध नेपाली सञ्चारमाध्यममा बेलाबेलामा आए पनि पूर्वाधार सुशासन र चिनियाँ कम्पनी र ठेकेदारहरुसँग नेपालले कसरी संलग्नता देखाएको छ भन्ने विषयमा व्यापक अनुसन्धान र विश्लेषण अभावलाई यो पुस्तकले धेरै हदसम्म सम्बोधन गरेको छ । नेपालको पूर्वाधार क्षेत्रमा चिनियाँ संलग्नताको डरलाग्दा पाटाहरु तथ्यसहित विश्लेषण गरिएको यो प्रतिवेदन एक वर्ष लामो अनुसन्धानको प्रतिफल हो । विश्वको बदलिँदो भूराजनीतिक परिथितिमाझ नेपालमा चीन, भारत, जापान, अमेरिका, बेलायत जस्ता देशहरुले पूर्वाधारमा गर्दै आएको लगानीभित्र कसरी क्षेत्रीय र वैश्विक स्वार्थहरु गाँसिएका हुन्छन् भनी कैयौं दृष्टान्त यो प्रतिवेदनमा छरपस्ट छ । ६ अध्यायमा खण्डित यो प्रतिवेदनको पहिलो अध्यायमा नेपालको पूर्वाधार क्षेत्रमा दुई पक्षीय सहयोगका प्रयास तथा विभिन्न आयामहरुलाई ऐतिहासिक परिप्रेक्ष्यमा विश्लेषण गरिएको छ ।

दोस्रो अध्यायमा यो पुस्तकले आफ्नो शीर्षकअनुसारको विषयवस्तुमा प्रवेश गरेको छ । नेपालको पूर्वाधार क्षेत्रमा चीनसँगको ऐतिहासिक सम्बन्धबाट सुरु गर्दै नेपालको पूर्वाधार क्षेत्रमा चीनको उदयलाई सन् २००८ पछिको पूर्वाधार परियोजनाहरुको दुई पक्षीय सहयोगको विश्लेषण गर्दै नेपाल पहिलो गैरसमाजवादी देशहरुमध्ये एक थियो, जसलाई चीनले सन् १९५६ मा सहायता प्रदान गरेको थियो । त्यो कालखण्डमा चीनले काठमाडौंलाई ल्हासा जोड्ने अरनिको राजमार्ग, पोखराबाट काठमाडौं जोड्ने पृथ्वी राजमार्ग, नारायणघाट-मुग्लिङ राजमार्गलगायत जलविद्युत र सिंचाइ आयोजनाहरु थिए ।

दोस्रो विश्वयुद्धपश्चात र चीन-भारतबीचको सीमा विवादभन्दा पहिलाको कालमा चीनले नेपालमा गरेको लगानीभित्रका अल्पलिखित आयामहरुको विस्तृत वर्णन गरिएको छ । जस्तैः पृथ्वी राजमार्ग निर्माणको क्रममा चिनियाँ कम्युनिष्ट पार्टी आफ्नो माओको विचारधारालाई अन्य राष्ट्रहरुमा निर्यातसमेत गर्ने गर्थ्यो । चिनियाँ सहायताकर्मी, प्राविधिक र श्रमिकहरुले पृथ्वी राजमार्ग निर्माणको क्रममा नेपाली जनतालाई माओ विचारधारका साहित्य वितरण गरेको र प्रोपागाण्डा थिएटर चलाएको थियो भनी लेखेको छ ।

विश्वमा चीनको प्रतिस्पर्धा अमेरिका र भारतसँग छ । भारत-चीन सम्बन्धका आफ्नै आयामहरु छन् । नेपालमा चीनको सक्रियता र राणनीतिको आधार उसको भारत र अमेरिकासँगको सम्बन्धले पो निर्धारण गर्छ भन्ने जस्ता तथ्यहरुले पाठकलाई कौतुहल बनाउन सक्छ । यस सन्दर्भमा यस पुस्तकमा केही ऐतिहासिक घटनाहरु समावेश गरिएको छ । जस्तोः नेपालका प्रथम निर्वाचित प्रधानमन्त्री बीपी कोइरालाले सन् १९६० मार्चमा चीन भ्रमण गर्दा तत्कालीन चीनका प्रधानमन्त्री चाउ एनलाईले नेपाल-भारत-चीन सम्बन्धलाई समग्रमा व्याख्या गर्दै बीपीलाई चिनियाँ सहायता भारतीय सहायता रकमसँग नमिल्ने बताएका थिए ।

चाउले बीपीलाई भने कि हामीले धेरै सहयोग दिएमा भारत सतर्क हुनसक्छ । अन्तराष्ट्रिय समुदायले हामी भारतसँग प्रतिस्पर्धा गर्न खोज्दैछौं भनी आँकलन गर्लान् । भारत-चीन सीमा विवादले दुई देशलाई युद्धमा पुऱ्याएको अवस्था सिर्जना भएको एक वर्षभित्र यस्तो सोचलाई परिमार्जन गऱ्यो । सन् १९६१ मा राजा महेन्द्रले सरकार सम्हालेपछि चीनले ल्हासा काठमाडौं राजमार्ग निःशुल्क बनाउन प्रस्ताव गऱ्यो । सन् १९८२ मा भारतद्वारा निर्मित त्रिभुवन राजमार्गको विकल्पको रुपमा नारायणघाट-मुग्लिङ राजमार्ग निर्माण गऱ्यो र त्यसको उद्देश्य भनेको तत्कालीन राज्यभित्र भारतीय प्रभाव घटाउनुमा केन्द्रित थियो ।

नेपालको गृहयुद्ध, द्विपक्षीय सैन्य सहायताबारे उल्लेख गर्दै भनेको छ कि सन् २००५ मा राजा ज्ञानेन्द्रले ‘मार्शल ल’ लागू गर्दै त्यसमा आपतकाल घोषणा गर्दै सबै मौलिक अधिकारहरु निलम्बन गर्नुका साथै राजनीतिक दलहरुमाथि प्रतिबन्ध लगाए । त्यसको जवाफमा भारत, अमेरिका र बेलायतले नेपाललाई दिँदै आएको सबै घातक सैन्य सहयोगमा रोक लगाएको थियो । यद्यपि चीनले घातक सैन्य सहायताको वैकल्पिक स्रोतको रुपमा आफूलाई प्रस्तुत गऱ्यो । सन् २००५ नोभेम्बरमा लगभग एक मिलियन अमेरिकी डलरको १८ ट्रक लोड हतियारहरु नेपाल पठायो । तर, नेपालभित्र रहेको तिब्बती शरणार्थीहरुमाथि दमन गरिएको थियो र त्यो बल प्रयोग चीनले नेपाललाई सैन्य सहयोग गरेको कारणले भएको आरोप चीनमाथि लागेको थियो ।

सन् २०१७ को मे महिनामा नेपालले बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई)को सदस्य बन्न हस्ताक्षर गरेपछि सन् २०१८ को जुनसम्म नेपालले बीआरआईअन्तर्गत समावेश हुने ३५ वटा परियोजनाको सूची बुझाएको थियो । तर, चीनको आग्रहपछि त्यो नौ वटा परियोजनामा सीमित गरिएको थियो । यस पुस्तकमा ती सबै योजना समावेश गरिएको छ । तर, त्यसमा न पोखरा अन्तर्राष्ट्रिय विमानस्थल समावेश छ न त गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नै ।

सन् २०१५ को संविधान घोषणपछि भएको पहिलो निर्वाचनपछि सन् २०१८ मा केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड मिलेर नेकपा एमाले र माओवादी केन्द्रको एकीकरण भयो । नेपालमा वामपन्थी दलहरु एक हुनुमा चिनियाँ चासो रहेको भनी विभिन्न विश्लेषण आएको थियो । तर, एकता गरिएको नेपाल कम्युनिष्ट पार्टी दुई वर्षमै विभाजित भयो । त्यो दुई वर्षको अवधिमा बुढी गण्डकी हाइड्रो प्रोजेक्ट चीनको गेजुवा ग्रुप सिमेन्ट कम्पनीलाई दिइयो । त्यसबखत प्रधानमन्त्री थिए, प्रचण्ड ।

तर, त्यसै वर्ष नोभेम्बरमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्रीको पदभार सम्हाले र टेन्डर वितरण प्रक्रियामा पारदर्शिता नभएको भन्दै ठेक्का खोरज गरिदिए । तर, गेजुवाप्रतिको माया वा चीनप्रतिको विशेष मोह, अपारदर्शी ढंगले करार गरिएको ठेक्का दोस्रो निर्वाचनपश्चात प्रधानमन्त्री बनेका केपी शर्मा ओलीले उक्त आयोजना गेजुवालाई नै फिर्ता दिए । सन् २०२२ मा शेरबहादुर देउवा पुनः प्रधानमन्त्री बन्दा नेपालले आफ्नै स्रोतसाधन प्रयोग गरेर आयोजना निर्माण गर्ने भन्दै ठेक्का खारेज गरे ।

तेस्रो अध्यायले नेपालभित्र पूर्वाधार लगानीको सन्दर्भमा प्रोकिउर्मेन्ट (खरिद) मा रहेका अस्पष्टताहरुका कारण राजनीतिज्ञ, कर्मचारीतन्त्र र ठेकेदारहरुबीच अनावश्यक साँठगाँठ निम्त्याउने आधारहरुबारे प्रमाणसहितको विश्लेषण पढ्न पाइन्छ । प्रतिवेदनको शीर्षक हेर्दा नेपालमा चीनको उदयलाई मात्र राखिएको होला जस्तो लाग्नसक्छ । तर, यसको चौथो अध्यायले नेपालको पूर्वाधारमा भारत र जापानले गर्दै आएको लगानीलाई चीनको लगानीसँग तुलनात्मक चित्रण गरिएको छ ।

पाँचौं अध्यायमा श्रीलंका, पाकिस्तान र बंगलादेशमा केन्द्रित नेपालसँगको तुलनामा दक्षिण एसियाली देशहरुमा चिनियाँ संलग्नताका ढाँचाहरु एक ठाउँमा राखेर तुलना गरिएको छ । चीनले कसरी दक्षिण एसियाभर पूर्वाधारमा प्रभुत्व जमाएर क्षेत्रीय आधिपत्य कायम गर्न खोजेको छ भनी चीनको रणनीतिक उद्देश्यलाई पनि विस्तारित गरेको छ । छैटौं अध्यायले यस प्रतिवेदनका प्रमुख निष्कर्षहरुको संक्षेपीकरण गर्दै केही सिफारिसहरुसमेत गरेको पाइन्छ ।

६ वटै अध्यायमा प्रयोग गरिएको ८६८ ‘फुट नोट्स’ले कन्टेन्टको विश्वसनियतालाई झल्काउँछ । २२० पृष्ठमा तयार यो पुस्तक ३० जुनमा प्रकाशित भई ‘काठमाडौंमा उपलब्ध’ छ । काठमाडौंमा जस्तै सात वटै प्रदेशको राजधानीमा उपलब्ध नभए पनि कम्तीमा डिजिटल माध्यमबाट खरिद योग्य बनाइदिँदा राम्रो ।

# गोरखापत्रका अध्यक्षलाई भ्रष्टचारको मुद्दा लगाउन निर्देशन, पत्रकारसहित १२ जनाको नियुक्ती खारेज

काठमाडौं । राष्ट्रिय सतर्कता केन्द्रले गोरखापत्र संस्थानका कार्यकारी अध्यक्षा बिष्णुप्रसाद सुवेदीलाइ भ्रष्टचारको मुद्दा चलाउन सिफारिस गरेको छ ।

तोक आदेशको आधारमा करारमा पत्रकारसहित १२ जनालाई नियुक्त गरेको भन्दै भ्रष्टचारको मुद्दा चलाउन मन्त्रालयलाई निर्देशनसमेत दिएको हो ।

विधि र प्रक्रिया विपरीत तोक आदेशको भरमा नियुक्ति दिइएको भन्दै सतर्कता केन्द्रले कार्यकारी अध्यक्ष सुवेदीसहित पाँच जनालाई कारबाही गर्न समेत निर्देशन दिएको पत्रमा उल्लेख गरिएको छ ।

सुवेदी कार्यकारी निर्देशक बनेर आएपछि गोरखापत्र संस्थानमा दुईजना उपसम्पादक, ७ जना समाचारदाता, एकजना परामर्शदाता र दुई जना वरिष्ठ सहायक पदमा नियुक्त गरेका थिए । यसरी नियुक्त गर्दा बिधि र प्रक्रिया मिचेको केन्द्रको निष्कर्ष छ ।

‘गोरखापत्र संस्थान कर्मचारी सेवा शर्त विनियमावली २०५२ को विनियम ४१ बमोजिम पदपूर्ति समितिको सिफारिसको आधारमा उपयुक्त व्यक्तिलाई गर्नुपर्नेमा पदपूर्ति समितिको गठन एवं सिफारिस विना नै उक्त विनयमावलीको प्रक्रिया पालना नगरी टिप्पणी आदेशको भरमा नियुक्ति गरिएको पाइयो,’ सतर्कता केन्द्रले भनेको छ । उसका अनुसार सो कार्य छानबिनको क्रममा गोरखापत्र संस्थानले उपलब्ध गराएको जवाफ तथा कागजातबाट समेत पुष्टि हुन पुगेको थियो ।

सो नियुक्तिहरु खारेज गरी गोरखापत्र संस्थानको कर्मचारी प्रशासन शाखाका वरिष्ठ सहायक रुपचन्द्र भट्ट, वरिष्ठ प्रशासन अधिकृत विमला खड्का, शाखा प्रमुख विक्रमबाबु राई, प्रशासन विभागका निमित्त निर्देशक ओमप्रकाश भुसाल र कार्यकारी निर्देशक विष्णुप्रसाद सुवेदीलाई कारबाही गर्न सतर्कता केन्द्रले सञ्चार मन्त्रालयलाई निर्देशन दिएको हो ।

## साप्ताहिक राशीफल

**भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल**



**मेष** : (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)

आँट गर्दा चिताएको काम सजिलै बन्नेछ, अध्ययनमा ध्यान केन्द्रित हुनेछ, रोकिएको काम बन्नेछन्, नयाँ कामको थालनी हुनेछ, व्यापार उद्योगमा फाइदा हुनेछ, व्यवसायको लागि यात्राको अवसर खुल्नेछ, विवादमा अघि सर्नाले आलोचित भइनेछ, प्रेमबन्धन कसिन सक्छ, अन्त्यमा स्वास्थ्य अलि कमजोर रहने देखिन्छ ।

**बृष** : (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)

अरुको आशमा काम गर्दा रोकिनेछ, काम गर्दा पूरा गर्न अलि कसरत गर्नुपर्ने देखिन्छ, साझेदारी लाभ हुनेछ, बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुनेछ, अध्ययनमा विशेष सफलता हुनेछ, नयाँ जिम्मेवारी हात लाग्न सक्छ, प्रतिस्पर्धी काममा आफ्नो पक्ष कमजोर रहनेछ, फजुल खर्च बढ्नेछ, अन्त्यमा रमाइलो यात्रा हुने देखिन्छ ।

**मिथुन** : (का,की,कू,घ,ङ,छ,के,को,हा)

मेहनत गर्दा आँटेको काम पूरा हुनेछ, आर्थिक पक्ष सवल रहनेछ, कामबाट प्रतिष्ठा मिल्नेछ, शुक्रबारदेखि पारिवारिक असमझदारी बढ्ने, आफ्नो श्रम बाट अरुले फाइदा उठाउन सक्नेछन्, पार्टनरमा काम नगर्नु राम्रो देखिन्छ, आइतबारदेखि समय सुधार हुनेछ, मनमा उत्साह छाउनेछ, रोकिएका अधुरा काम पनि पूरा हुनेछन् ।

**कर्कट** : (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)

जिम्मेवारी हात पर्नेछ, आफ्नो मेहनतबाट अरुले फाइदा लिन सक्नेछन्, कार्यशैलीमा प्रतिस्पर्धा हुनेछ, पुरुषार्थी कामले धन र मान समेत हात पर्नेछ, घरेलु कार्य सफल हुनेछन्, सत्रुले समेत मित्रताको हात अगाडि बढाउनेछन्, बुद्धिको उपयोगले ठूलो सफलता हुने देखिन्छ ।

**सिंह** : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)

सुरुमा रमाइलो देखे पनि काममा केही उत्तारचढाव हुने छन्, स्वास्थ्य कमजोर रहनेछ, समस्या समाधान हुन सहयोगीहरुले साथ दिनेछन्, कार्य सफल आंशिक रुपले हुनेछन्, अन्त्यमा अप्ठ्यारो परिस्थिति सुल्झन सक्छ, नयाँ कामको थालनी हुनेछ, आम्दानीको श्रोत पनि सवल हुँदै जानेछ ।

**कन्या** : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)

खर्च बढ्नेछ, चिताएको काम रोकिनेछ, स्वास्थ्यमा गडबढ देखिन्छ, अध्ययनमा समय दिन सकिने छैन, शुभ चिन्तकहरु टाढिन सक्छन् । आम्दानीको श्रोत कमजोर बन्नेछ, व्यावसायिक काममा सामान्य उपलब्धी हुनेछ, केही विवादास्पद कामको जिम्मेवारी बहन गर्नुपर्ला, अरुको भरमा काम गर्दा व्यर्थ खर्च बढ्ने देखिन्छ ।

**तुला** : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)

पछिसम्म फाइदा हुने काम प्रारम्भ हुनेछ, आम्दानीको श्रोतहरु खुल्नेछन तर सरसापटमा धन बाहिरिन सक्छ, आफूलाई मन परेको चिन खरिद गर्दा खर्च बढ्न सक्छ, शुक्रबारदेखि स्थितिमा सुधार आउनेछ, रमाइलो भेटघाट हुनेछ, खानपानमा आनन्द प्राप्त हुनेछ, अध्ययनमा पनि प्रगति हुनेछ, अन्त्यमा वाद विवाद बढ्नेछ ।

**बृश्चिक** : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)

समाजमा स्थापित हुने समय छ, उपलब्धी हात पार्ने समय छ, नयाँ काम वा नोकरी प्राप्त हुनेछ, विशिष्ट मान्छेसँगको कामबाट तारिफ हासिल हुने समय छ । सामाजिक कार्यमा पदवी हासिल हुनेछ, मित्रता र प्रेम बन्धन कसिने छ, आम्दानी बढ्नेछ, दिगो काममा लगानी गर्नुपर्ने देखिन्छ, अर्थ अभाव भने रहनेछ ।

**धनु** : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)

अरुको कामबाट सामान्य फाइदा हुनेछ, हिम्मत गर्नाले प्रतिष्ठित काममा सहभागि भइनेछ, नोकरी प्राप्त हुनेछ, आम्दानी बढ्नेछ, अधुरा काम पूरा हुनाले मनमा आनन्द मिल्नेछ, अन्त्यमा लाभांशको केही भाग खर्च गर्नुपर्ने छ र समाजसेवी काममा लोकप्रियता हाशिल हुने देखिन्छ ।

**मकर** : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)

स्वास्थ्य कमजोर हुनेछ, आँटेको काम धनको अभावले रोकिनेछ, शनिबारदेखि स्थितिमा सुधार हुनेछ, मंगलमय हुने कर्म सम्पाद हुनेछ, विवादास्पद काममा सफलता हुने देखिन्छ, नजिकका मित्रले धोका दिनेछन्, अन्त्यमा आम्दानीको श्रोत बढ्नेछ, यात्राको अवसर पनि जुट्ने देखिन्छ ।

**कुम्भ** : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)

रमाइलो यात्राको अवसर जुट्नेछ, प्रियजनसँग भेटघाट हुनेछ । सोचेको कामबाट धन लाभ हुनेछ, अप्ठ्यारो काममा बोझ थपिन सक्छ, चोटपटकको योग देखिएको छ, अन्त्यमा हर्ष उल्लाश बढ्नेछ, शुभचिन्तकको सहयोगले आँटेको काम बन्नेछ, मान सम्मान तथा दाम पनि कमाउन सकिने देखिन्छ ।

**मीन** : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)

परिश्रमले अवसर हात पर्न सफल भइनेछ, प्रतिस्पर्धीहरु कमजोर हुनेछन्, प्रियजनसँग भेटघाट हुनेछ, खर्च बढ्नेछ, काम विग्रनाले आकस्मिक झमेला आइलाग्न सक्छ, स्वास्थ्य पनि कमजोर रहनेछ, अन्त्यमा सामाजिक कार्यले मनमा प्रशन्न दिलाउने देखिन्छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४००००० / ५४११११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिंच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैंसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई निःशुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०/९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# किशोरावस्थाका छोराछोरीसँग यौन स्वास्थ्यको कुरा खुलेर गरौं

'बैंसले मात्तिएको', 'बैंस चढेको'। किशोरावस्थाको चञ्चलतालाई यसरी बुझ्ने वा बुझाइने गरिन्थ्यो, पुरातन समाजमा। यद्यपि एउटा उमेर चरणमा यस्तो चञ्चलता स्वभाविक हुने गर्छ। त्यसबेला हुने शारीरिक परिवर्तन र भावनात्मक उथलपुथलले पनि उनीहरुलाई बढी चञ्चल बनाइरहन्छ।

त्यसैले त यस उमेरमा उनीहरु नयाँ नयाँ साथी बनाउने, विपरीत लिंगीप्रति आकर्षित हुने, यौनका कुरामा चासो राख्ने गर्छन्। जबकि यो कुरा उनीहरुले खुलेर व्यक्त गर्न असहज मान्छन्। यौनप्रतिको उत्सुकता मात्र होइन, आफ्नै यौनाङ्गहरुको विकासले पनि उनीहरुमा कति प्रश्न जगाउँछ। डर र आशंका पैदा गरिदिन्छ। यौनसँग जोडिएका यस्ता असंख्य जिज्ञासा उनीहरुको मनभित्रै गाँठो पर्छ। त्यसले उनीहरुलाई बिस्तारै कुण्ठित बनाउने जोखिम हुन्छ।

असुरक्षित यौन सम्बन्ध, अनिच्छित गर्भाधान, यौन हिंसा, दुर्व्यवहार, बलात्कार जस्ता कृत्य निम्त्याउने कारक पनि यही हुन सक्छ।

**इन्टरनेट र अश्लील सामग्रीको लत**

ठूलो जोखिम के छ भने अहिलेका बालबच्चा इन्टेरनेटको सहज पहुँचमा छन्। त्यसबाट उनीहरु खोजीखोजी अश्लील सामग्री हेर्न सक्छन्। उनीहरुलाई यौन शिक्षा र अश्लील सामग्रीको भेद थाहा हुँदैन। त्यसैले आफ्नो जिज्ञासा शान्त पार्ने चक्करमा उनीहरु अश्लील फोटो / भिडियोको लतमा पर्न सक्छन्।

त्यति मात्र होइन, सामाजिक सञ्जालबाट साथी बनाएर अश्लील संवाद गर्ने, अश्लील फोटो, भिडियो साझेदार गर्ने सम्भावना पनि हुन्छ। यसले उनीहरुलाई भोलिको दिनमा निकै ठूलो समस्यामा फसाउन सक्छ। त्यसैले यी सम्पूर्ण कुराबाट सही निकास दिन छोराछोरीसँग यौन ज्ञान र यौन स्वास्थ्यबारे चर्चा गर्नु जरुरी छ।

हाम्रा बालबच्चाहरुमाथि उनकै सहपाठीहरुले यौन हिंसा पो गरिरहेका छन् कि? इन्टरनेटबाट यस्तो जोखिम हुन सक्छ।

उनीहरुलाई सामाजिक सञ्जालमार्फत अश्लील सामग्री पठाउने, अश्लील कार्य गर्न उकास्ने गरेका हुन सक्छन्। यसरी यौन हिंसामा परेको छ भने पनि उनीहरु दुःखी हुन सक्छन्। कतिपयले उनीहरुलाई फकाएर, फसाएर अश्लील फोटो, भिडियो साझेदार गर्न लगाएका हुन सक्छन्। अनि त्यसैको माध्यमबाट अरु फाइदा उठाउने कोसिस गरेका हुन सक्छन्। त्यसैले आफ्नो बालबच्चा कस्तो मनोदशामा छन् भनेर बुझ्न र खोज्न जरुरी छ। साथै इन्टरनेटबाट हुने यौन हिंसाको रुप, त्यसको जोखिमबारे बताउनुपर्छ।

खासगरी आमाबुवाले आफ्ना किशोर उमेरका छोराछोरीसँग यौन स्वास्थ्य र



संयमताको कुरा गर्नुपर्ने हुन्छ। तर कसरी?

**कुराकानीको बहाना खोजौं**

हाम्रो जस्तो पारिवारिक संरचनामा बुवाआमा र छोराछोरीबीच यौनका विषयमा कुराकानी गर्नु त्यति सहज छैन। कसरी कुरा गर्ने, के भन्ने? अभिभावकमा दुविधा हुन्छ। यसको लागि कुनै बहाना खोज्न सकिन्छ।

जस्तो टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल आदिमा आउने यौन सम्बन्धी समाचार, विज्ञापन। त्यही सामग्रीलाई केन्द्रमा राखेर कुरा उप्काउन सकिन्छ र आफूले भन्नुपर्ने वा भन्न खोजेको कुरा थपथाप गर्न सकिन्छ।

**कुन-कुन विषयमा कुराकानी गर्ने?**

आठ-नौ वर्षको उमेरदेखि नै छोरीहरुमा मासिक स्राव सुरु हुन सक्छ। अर्थात् उनीहरुको शारीरिक परिवर्तन त्यसबेला हुन्छ, जतिबेला उनीहरु कलिलै उमेरका हुन्छन्। यसबेला उनीहरुको शरीर परिपक्व हुँदै गए पनि भावनात्मक रुपमा उनीहरु परिपक्व भएका हुँदैनन्। यसले गर्दा आफ्नो शरीरमा के भइरहेको छ भन्नेमा उनीहरुलाई डर, लाज, ग्लानि हुन सक्छ। यो एक स्वभाविक प्रक्रिया हो र यसलाई सहज रुपमा लिनुपर्छ भन्ने कुरा बालबच्चालाई सिकाउनुपर्छ।

किशोरावस्थामा हुने शारीरिक परिवर्तनबारे कुरा गर्न सकिन्छ। जस्तो महिनावारी, यौनांगको विकास। यसबेला उनीहरुसँग महिनावारी हुँदा के कस्तो शारीरिक समस्या हुन सक्छ, त्यसबेला कसरी शारीरिक स्वच्छता अपनाउने भन्नेदेखि प्याडको प्रयोगसम्मका कुरामा चर्चा गर्न सकिन्छ।

यौनांगको सफाइ कसरी गर्ने, यदि त्यसो नगरिए के हुन सक्छ, भित्री वस्त्र कति अवधिमा फेर्ने जस्ता कुरा पनि भन्न जरुरी छ। यौनांगको विकाससँगै हुने शारीरिक वा भावनात्मक परिवर्तनबारे पनि बुझाउनुपर्छ।

जति-जति उनीहरु हुर्कंदै जान्छन्, यौनप्रतिको उत्सुकता पनि बढ्दै जान्छ। यो चरणमा स्वप्नदोष हुने, विपरीत लिंगीप्रति आकर्षण बढ्ने हुन्छ। यसलाई कसरी सहज रुपमा लिने भनेर आमाबुवाले चर्चा गर्न जरुरी हुन्छ।

आमाबुवाले यस्तो अनुकूल वातावरण बनाइदिनु पर्छ कि, छोराछोरीले यौनका विषयमा स्पष्ट कुरा गर्न सकुन्।

किशोरहरुको यौन सम्बन्धित निम्न प्रश्नहरु गर्न सक्छन्:

मलाई कसरी थाहा हुन्छ कि म यौनको लागि तयार छु भनेर?

साथीहरुको दबाब, जिज्ञासा र एक्लोपन जस्ता समस्याले किशोरकिशोरीलाई यौनमा संलग्न हुन उक्साउँछ। आमाबुबाले उनीहरुलाई यौनको लागि संयम हुनुपर्छ भनेर सम्झाउनुपर्छ। यौन एक वयस्क व्यवहार हो। त्यसैले अर्को साथीसँग यौनजन्य व्यवहार गर्ने भन्दा पनि स्वस्थ सम्बन्ध स्थापित गर्न प्रेरित गर्नुपर्छ। आमाबुबाले किशोरहरुलाई अरुसँग बोलेर, खेलेर, नाचेर, गाएर र अन्य क्रियाकलाप गरेर सम्बन्ध जोड्न सकिन्छ भनेर सम्झाउनुपर्छ।

के हुन्छ यदि मेरो पार्टनर चाहिं यौनको लागि सहमत हुन्छ तर म भने सहमत भइनँ भने?

यदि किशोरकिशोरी यौनका लागि तयार छैनन् भने त्यसमा केही जबर्जस्ती गर्ने कुरा हुँदैन। कुनै प्रकारको जबर्जस्ती यौन सम्पर्क हुनु भनेको बलात्कार हुनु हो, चाहे त्यो माया गर्ने व्यक्ति होस् वा नचिनेको व्यक्ति।

**सुरक्षित यौनको विधिबारे जानकारी**

यदि किशोरकिशोरी यौनमा सक्रिय छन् भने आमाबुबाले यसबारे कुरा गर्नु निकै महत्वपूर्ण छ। उनीहरु यसबारे कुरा गर्न खोज्दैनन् भने आमाबुबाले नै राम्रोसँग यसको कुराकानी सुरु गर्नुपर्छ। आमाबुबाले किशोरकिशोरीलाई यौनमा सक्रिय भएपछिको जिम्मेवारीहरु सम्झाउनुपर्छ। आमाबुबाले सुरक्षित यौनको महत्वलाई राम्ररी बुझाउनुपर्छ। उनीहरुलाई यौनमा संलग्न हुने बेला कण्डम र अन्य गर्भनिरोधक विधिबारे बुझाउनुपर्छ।

*एजेन्सीको सहयोगमा*

# भारतको मणिपुरमा जातीय हिंसा



छिमेकी मुलुक भारतको पूर्वोत्तर राज्य मणिपुरमा भएको जातीय द्वन्द्वले निम्त्याएको महिला विरोधी घटनाले विश्वको शिर निहुरिएको छ। झण्डै ३ महिनादेखि जारी जातीय द्वन्द्वका क्रममा मैतेइ जातीका आन्दोलनकारीले कुकी जातीका तीन महिलालाई निवस्त्र पारेर बजार घुमाउनुका साथै उनीहरु मध्ये २१ वर्षकी एक युवतीलाई सामुहिक बलात्कार गरेको घटना सार्वजनिक भएपछि अहिले भारतभर आन्दोलनले उग्ररुप लिएको छ।

गत मे ३ देखि शुरु भएको जातीय द्वन्द्वमा त्यहा बसोवास गर्दै आएका ५० हजार भन्दा बढी नेपालीभाषी हिन्दुहरु अहिले आफ्नो थाकथलो छोडेर अन्यत्र पलायन हुन वाध्य भएका छन्। झण्डै ३४ लाख जनसंख्या रहेको मणिपुरको राजधानी इन्फालमा अहिले हिंसा उत्कर्षमा पुगेको छ।

आधा जनसंख्या भन्दा बढी अर्थात् ५४ प्रतिशत जनसंख्या रहेको मैतेइ जातिले आफुहरु पनि जनजातीको सूचीमा पर्नुपर्ने माग राख्दै अदालतमा मुद्दा दायर गरेपछि भारतको सर्वोच्च अदालतले पनि मैतेइ जातीलाई जनजातीको अनुसुचीमा समावेश गर्न आदेश दिएपछि गत मे ३ देखि दुई समूहबीच झडप भइरहेको भारतीय सञ्चार माध्यमले जनाएको छ।

हिंसाले जातीय रुप लिएपछि अल्पसंख्यको सुचीमा रहेका कुकी र नागा जातीहरुले मैतेइ जातीको घर जलाउने बस्ती बस्तीमा पसेर आक्रमण गर्ने जस्ता काम भएपछि शुरु भएको जातीय हिंसामा परेर १ सय भन्दा बढी मानिसको मृत्यु भएको छ भने २ लाख भन्दा बढी स्थानीय ज्यान जोगाउन छिमेकी राज्यतर्फ पलायन भएका छन्।

मणिपुरका मुख्यमन्त्री एस बिरेन सिंहले आन्दोलनरत पक्षलाई आतंककारीको संज्ञा दिएपछि त्यहाँको माहौल थप तनावग्रस्त बनेको छ। मणिपुरमा भएको हिंसालाई लिएर प्रधानमन्त्री नरेन्द्र मोदीले कुनै प्रतिक्रिया नजनाएको भन्दै भारतभर मोदीको तीव्र विरोध हुँदै आएको छ। मणिपुरमा भएको आन्दोलनका बारेमा अन्य राज्यका जनताले थाहा नपाउन भन्दै केन्द्र सरकारले इन्टरनेट र फोन काटिदिएपछि प्रधानमन्त्री मोदी विरुद्ध माहोल बन्दै गएको छ।

तीन महिना अघि भएको महिलामाथिको अत्याचार गरिएको भिडियो हालै सार्वजनिक भएपछि आम भारतीय महिला अहिले मोदी विरुद्ध खुलेर विरोध गर्न थालेका छन्। भारतीय सर्वोच्च अदालतका प्रधानन्यायाधीश धनन्जय यशवंत चन्द्रचुडले मणिपुरमा भएको महिला हिंसा विरोधी कामका बारेमा आफूले कारवाही गर्ने चेतावनी दिएपछि भारतीय प्रधानमन्त्री मोदीले पहिलो पटक मणिपुरको घटनालाई लिएर आफू दुःखी भएको बयान दिएका थिए।

महिलामाथि भएको हिंसालाई प्रधानमन्त्री मोदीको निर्देशनमा अहिलेसम्म दवाएर राखेको आरोप विपक्षी भारतीय कांग्रेस पार्टीका नेता राहुल गान्धीले आरोप लगाएपछि आगामी वर्ष भारतमा हुने संसदीय निर्वाचनमा मोदीलाई फलामको च्युरा चपाउनु बराबर हुने आंकलन भारतीय बुद्धिजिविहरुले गरेका छन्। धर्मको नाममा राजनीति गरेको र देशलाई माथि उठाउन मोदीले जती काम गर्नुपर्ने थियो त्यो नगरेको भन्दै भारतीय जनताले आगामी प्रधानमन्त्री गान्धी नै हुने ठोकुवा गर्दै आएका छन्।

अहिले भारतमा महिला विकास मन्त्री स्मृती इरानी, प्रधानमन्त्री मोदी र मणिपुरका मुख्यमन्त्री सिंहले राजीनामा दिनुपर्ने भन्दै भारतका प्रमुख शहरहरुमा विरोध प्रर्दशन हुँदै आएको छ। राजधानी इन्फालमा बाक्लो वस्ती रहेको मैतेइ जातीका युवाहरुले कुकी जातीका महिलामाथि गरेको अत्याचारको भिडियो भाइरल भएपछि प्रधानमन्त्री मोदीलाई महिला विरोधी प्रधानमन्त्रीको उपमा त्यहाँका महिलाहरुले दिँदै आएका छन्।

मणिपुरको भ्रमणमा रहेका कांग्रेसका नेता राहुल गान्धीले हिंसा भड्काउन त्यहाँको भ्रमण गरेको आरोप भारतीय जनता पार्टीका नेताहरुले लगाउँदै आएपनि मणिपुरका जनताले भने गान्धीलाई राजधानी इन्फालमा भव्य स्वागत गरेका छन्। अल्पसंख्यक कुकी जातीका ५२, ४२ र २१ बर्षका महिलालाई नांगै बनाएर जुलुसमा बजार परिक्रमा गराएपछि २१ वर्षकी युवतीलाई एउटा चौरमा लगेर सार्वजनिक स्थानमा सामुहिक बलात्कार गरेपछि ती युवतीको अवस्था चिन्ताजनक रहेको पनि भारतीय मिडियाले जनाएको छ।

उक्त सामुहिक बालात्कार काण्डमा मैतेइ जातीका २२ जना आन्दोलनमा सहभागी रहेका युवाहरुले ती युवतीलाई सार्वजनिक स्थानमा लगेर सामुहिक बालात्कार गरेको भिडियो सार्वजनिक भएपछि भारतभर मोदीको विरोध शुरु हुनुका साथै राहुल गान्धीलाई आगामी प्रधानमन्त्रीको रुपमा चित्रण गर्न थालिएको छ।

लामो समय सत्ता बाहिर रहेको कांग्रेसलाई पुन सत्तामा फर्काउने उद्देश्यले गान्धीले भारतजोडो यात्रा शुरु गरेपछि गान्धीको लोकप्रियता ह्वात्तै बढेपछि सत्तारुढ दल भाजपाले राहुललाई चौतर्फी घेरावन्दी गरेको थियो। तर गान्धीले राज्यपक्षबाट भएको दमनलाई वास्तै नगरी आफ्नो यात्रा पुरा गरेका थिए।

कांग्रेसलगायत विपक्षी दलले मणिपुरको घटनालाई मुख्य मुद्दा बनाएर देशभर माहौल आफ्नो पक्षमा पार्न सफल हुँदै गएको छ। मणिपुर घटनापछि भारतीय संचारमाध्यमलाई आम जनताले दोगी मिडियाको संज्ञा दिँदै ठाउँठाउँबाट सञ्चारकर्मीलाई लखेट्नुका साथै मुखभरीको जवाफ दिँदा समेत सञ्चारकर्मी निरिह भएर हिड्नु परेको छ।

केन्द्र सरकारले मणिपुरको हिंसालाई दवाउन केन्द्रबाट पठाएको सुरक्षाफौजले स्थानीय जनतामाथि गरेको ज्यायतीका भिडियोहरु अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेका छन्।

मैतेइ जातीले आन्दोलनका क्रममा अल्पसंख्यक कुकी जातीका महिलामाथि गरेको अत्याचारका क्रममा आफ्नो अस्तित्व जोगाउन ३ जना पीडित महिलाले सुरक्षाकर्मीको साथ खोज्दै सुरक्षाकर्मीको नजिक गएको भएपनि सुरक्षाकर्मीले ती महिलालाई धकेलेर आन्दोलकारीतर्फ पठाइदिएको भिडियो समेत अहिले भइरल भएको छ।

*(एजेन्सीको सहयोगमा)*

# मोन्ट्रियल टाइगर्सको जितमा दीपेन्द्रको अलराउण्ड प्रदर्शन

ग्लोबल टी-२० क्यानडा क्रिकेट लिगमा नेपालका दीपेन्द्र सिंह ऐरीले अलराउण्ड प्रदर्शन गर्दै मोन्ट्रिलको जितमा सहयोग गरेका छन्।

बुधबार बिहान भएको भ्यानकुभर नाइट्सविरुद्धको खेलमा दीपेन्द्रले बल, ब्याट र फिल्ड सबैमा राम्रो प्रदर्शन गरे।

सेरफान रुथरफोर्डको अविजित ८४ रन मदतमा मोन्ट्रियलले १५० रनको लक्ष्य ११ बल अगावै पूरा गर्दै भ्यानकुभरलाई ६ विकेटले हराउँदै लगातार तेस्रो जित हात पारेको छ।

रुथरफोर्डलाई आक्रमक ब्याटिङमा साथ दिएका दीपेन्द्रले अविजित २२ रन बनाए। ६७-४ को अवसथ्मा हुँदा क्रिजमा पुगेका दीपेन्द्रले रुथरफोर्डसँग पाँचौ विकेटका लागि अविजित ८६ रनको साझेदारी गरे।

रुथरफोर्डले ५३ बल खेल्दै ७ चौका र ६ छक्का मदतमा अविजित ८४ रन बनाए। दीपेन्द्रले २२ बल खेलेर २ चौका प्रहार गर्दै २२ रन बनाए। दिलप्रित सिंहले २१ र शकिब अल हशनले १२ रन जोडे।



भ्यानकुभरका फाबिउन एलेनले २ तथा रुबेन ट्रम्पलमेनले १ विकेट लिए। त्यसअघि ब्राम्पटनमा टस हारेर पहिले ब्याटिङ गरेको भ्यानकुभरले २० ओभरमा ४ विकेट गुमाएर १४९ रन बनाएको थियो। भ्यानकुभरका लागि फकर जमनले सर्वाधिक ७३ रन बनाए। ५३ बल खेलेका उनले ७ चौका र ३ छक्का प्रहार गरे।

कप्तान रसी भान डे डुसेनले २३ रन जोडे। फकर जमन र हर्श ठाकुरले अर्धशतकीय साझेदारी गरेपछि दीपेन्द्रले नै यो साझेदारी तोडेका थिए। उनले हर्शलाई रनआउट गरे। त्यसपछि फरक जमन र भान डेर डुसेनको अर्को अर्धशतकीय साझेदारी पनि दीपेन्द्रले नै तोडे। उनले १६औं ओभरमा जमनलाई कार्लोस ब्रेथवेइटेबाट क्याचआउट गराए।

३ ओभर बलिङ गरेका दीपेन्द्रले एक विकेट लिनुका साथै एक रनआउट गरे। मोन्ट्रियलका लागि कार्लोस ब्रेथवेइटले २ विकेट लिए। लगातार तेस्रो जितपछि मोन्ट्रियल ६ अंक जोडेर शीर्ष स्थानमा छ।



## सशस्त्रमा एक...

हजार नौ सय ९२ हवल्दार र तीन हजार नौ सय ३४ जना सहायक हवल्दारमा बढुवा हुनेछन् ।

एसएसपी बढुवामा विकास घिमिरे, गंगाराम श्रेष्ठ, राजेश उप्रेती, भरत खनियाँ, धुव्र कार्की, जनक पुरी, रमेश पाण्डे, नेत्र कार्की, तिर्थ पौडेललगायत एसपी छन् । उनीहरुमध्ये गंगाराम सर्लाहीमा जुवा खेलेका कारण कारबाहीमा परेका अधिकृत हुन् । राजेश उप्रेती रुपन्देहीमा हुँदा अत्याधिक बल प्रया्गका कारण विवादमा तानिएका थिए । त्यस्तै, सिसं नम्बर ३ का सबै एसपीमा बढुवा हुनेछन् भने सिसं नम्बर ७ र ८ का डिएसपीमा बढुवा हुने भएका छन् । यो बढुवासँगै १६ वर्षसम्म एउटै पदमा रहनुपर्ने बाध्यता अब क्रमशः घट्दै जाने भएको छ ।

## सुनकाण्डमा ...

रोचक त यो छ कि ठूला अपराधका घटनामा छानबिन बढाउन थालेपछि गृहमन्त्री श्रेष्ठलाई पदबाट हटाउन खोजिएको छ । शेरबहादुर देउवा स्वयंले प्रचण्डमाथि गृहमन्त्री हटाउन दबाब बढाइरहेका छन् । देउवानिकट नेताहरुले काँग्रेस केन्द्रीय समिति बैठकमा यो मुद्दा उठाइसकेका छन् । एमालेभित्र पनि गृहमन्त्री हटाउने रणनीति बनिसकेको छ । गृहमन्त्री श्रेष्ठले विगतमा नेताहरुले गरेका कर्तुतहरु छताछुल्ल बनाउन थालेपछि धेरैजसो तर्सिएका छन् अहिले । यो प्रकरणले ठूलै राजनीतिक कम्पन जाने संकेत देखिँदैछ ।

## कांग्रेसभित्र...

केन्द्रीय सदस्य चन्द्रबहादुर केसीले पनि हिन्दुराष्ट्र कायम गर्नुपर्ने माग राखे । अर्का केन्द्रीय सदस्य भीम पराजुलीले ९४ प्रतिशत ओमकार परिवार रहेको देशमा धर्मनीरपेक्ष स्वीकार्न नसकिने बताए । उनले धार्मिक स्वतन्त्रता सहितको वैदिक सनातन धर्मको पक्षमा काँग्रेस उभिनुपर्ने तर्क राखे । काँग्रेस, एमाले, माओवादीलगायत मुख्य दलहरु धर्मनीरपेक्षको पक्षमा उभिएका थिए । पछिल्लो समय ती दलहरुभित्र यसको विरोध बढ्दै गएको छ । माओवादीभित्र समेत हिन्दु राष्ट्रको मुद्दा उठ्नुलाई अर्थपूर्ण मानिएको छ । देशमा २०७८ मा भएको जनगणनाको रिपोर्टमा ८१ प्रतिशत हिन्दु धर्मालम्बी रहेको तथ्यांक छ । पछिल्लो समय हिन्दु राष्ट्रको पक्षमा आवाज बढ्दै गएको छ । कुनैपनि बेला ठूलै उथलपुथल आउने गरी राजनीतिक घटना विकास हुनसक्छ ।

## प्रभु बैंकका...

संस्थाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) ४ वर्ष अवधिको लागि नियुक्त हुन्छन्, त्यो पनि बढीमा २ कार्यकालका लागि । तर शेरचन भने कानुनविपरित नै तेस्रो कार्यकालका लागि नियुक्त भए ।

शेरचनको अवैधानिक नियुक्तिले 'विश्वास लिन्छौं, विश्वास दिन्छौँ' प्रभु बैंकको नारा नारामै सीमित भएको छ । बैंकमाथि अविश्वास र शंका पैदा भएको छ । शेरचनले प्रभु बैंकले प्राप्ति गरेका संस्थालाई मर्जरको नाम दिएर गैर कानूनी रुपमा सीईओमै निरन्तरता दिइरहेका छन् ।

शेरचन सन् २०११ मा प्रभु फाइनान्सको जिएम बनेका थिए भने सन् २०१४ मा प्रभु विकास बैंकको सीईओ बनेका थिए । प्रभु फाइनान्स र प्रभु विकास बैंक एक भएर प्रभु बैंक बनेपछि सन् २०१५ यता शेरचन नै सीईओमा कायम छन् । सेन्चुरी बैंकलाई गाभेपछि राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् दिएको सुविधा प्रयोग गर्दै प्रभु बैंकले सीईओको रुपमा शेरचनलाई तेस्रो कार्यकालका लागि नियुक्त गरेको हो ।

एउटै व्यक्ति लामो समय कार्यकारी पदमा रहँदा स्वार्थ बाझिन सक्छ भनेर नै सीमा तोकिएको छ । त्यो नियामक निकायले तोकेको सीमा नै मिचेर शेरचन सीईओ बने । उनी तेस्रो कार्यकालका लागि पनि सीईओमा नियुक्त हुँदा नैतिकतामाथि नै प्रश्न खडा भएको छ । उनी वित्तीय स्वार्थ र अनियमितता ढाकछोप गर्नकै लागि पुनः सीईओमा नियुक्त भएको रहस्य बाहिरिएको छ ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) को कार्यकाल बढीमा चार वर्षको हुनेछ । सीईओ अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ । अर्थात् कार्यमूल्यांकनको आधारमा थप अर्को कार्यकालका लागि सीईओमा नियुक्त हुन पाउँछ । यस आधारमा कुनै पनि बैंक तथा वित्तीय संस्थामा एउटै व्यक्ति २ कार्यकालका लागि सीईओमा नियुक्त हुन सक्छन् ।

कार्यकारी प्रमुखको कार्यसम्पादन सन्तोषजनक नभएमा निजलाई जुनसुकै बखत सञ्चालक समितिले पदबाट हटाउन सकिने व्यवस्था बाफियाले गरेको छ ।

बैंक तथा वित्तीय संस्थाका सञ्चालक, चुक्ता पुँजीको एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएको व्यक्ति, कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा म्यानेजिङ एजेण्ट वा सञ्चालक मनोनित गर्ने अधिकार पाएको व्यक्ति, फर्म, कम्पनी वा संस्थाको उल्लेख्य स्वामित्व वा वित्तीय स्वार्थ भएको कुनै फर्म, कम्पनी वा संस्थालाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गर्न हुँदैन भनेर बाफियाले स्पष्ट गरेको छ ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख जमानत बसी कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई कुनै किसिमको कर्जा दिन मिल्दैन ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार सीईओको काम, कर्तव्य र अधिकारअन्तर्गत प्रबन्धपत्र र नियमावलीको अधीनमा रही सञ्चालक समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने, सञ्चालक समितिको निर्णय लागू गर्ने र बैंक वा वित्तीय संस्थाको काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने लगायत कार्यहरु पर्दछन् ।

ऐन र राष्ट्र बैंकको निर्देशन अनुरुप संस्था सञ्चालन गर्ने र बैंक वा वित्तीय संस्थाको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्नेलागायत कार्यभार सीईओले बहन गर्नुपर्ने हुन्छ ।

दुधको साक्षी बिरालो भनेझैँ जो व्यक्तिलाई संस्थाको काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने जिम्मा दियो उसैले सो अधिकारको दुरुपयोग गरेमा के होला ?

शेरचनले आफू पदमा रहँदा गम्भीर प्रकृतिको बैंकिङ कसुर गरेर पनि ढाकछोप गर्दै हिँडेको रहस्य बाहिरिएको छ ।

शेरचनले राष्ट्र बैंकको नियमलाई कुल्चदै आफन्तको नाममा अर्बौ ऋण प्रवाह गरेको रहस्य बाहिरिएको छ । शेरचनले सहायक कम्पनी खडा गरी अर्बौ रुपैयाँ अपचलन गरेको विषय राष्ट्र बैंक हुँदै केन्द्रीय अनुसन्धान ब्यूरो सिआईबीसम्म पुगेको छ । उनले जानकी मेडिकल कलेजको नाममा पटकपटक गरी अर्बौं ऋण दिएका छन् ।

डुबेको उक्त मेडिकललाई पटकपटक ऋण दिइनु सीईओ शेरचनको स्वार्थबाहेक अरु केही नभएको बैंकका उच्च तहका अधिकारी नै बताउँछन् । बैंक स्रोतका अनुसार शेरचनले जानकी मेडिकल कलेजलाई २ अर्ब ५० करोड रुपैयाँ कर्जा दिएका छन् । उक्त कर्जा जोखिम अवस्थामा पुगेको छ ।

जानकी मेडिकल कलेजका सञ्चालक हरिकृष्ण भट्टचन उनको आफ्नै ससुरा हुन् । बैंकको कार्यकारी पदमा रहेर आफ्ना नातेदारलाई कर्जा प्रवाह गर्नु अवैधानिक हो भनेर बाफियाले स्पष्ट परेको छ । तर शेरचनले नियमन निकायबाटै जारी भएको नियमको धज्जी उडाएका छन् ।

अशोक शेरचनले हाल कारागार जीवन बिताइरहेका पूर्व सांसद तथा बैंकर इच्छाराज तामाङलाई पनि पटकपटक गरेर ५५ करोड कर्जा दिएको खुलेको छ । यसका अलावा प्रभु बैंकले हजारौं नेपाली विद्यार्थीहरुलाई सक्कली भन्दै नक्कली शैक्षिक कर्जा दिएर दुःख दिइएको कुरा केही समयअघि बाहिरिएको थियो ।

सन् २०२२ को जनवरी २१ तारिखमा प्रभु बैंकको शैक्षिक कर्जा नक्कली भएको भन्दै एक सयभन्दा बढी विद्यार्थीलाई बेलायतको म्यान्चेस्टर एयरपोर्टबाटै त्यहाँको अध्यागमनले फिर्ता पठाएको थियो । प्रभु बैंककै कर्जा लिएर विदेश अध्ययनका लागि जान खोज्ने हजारौं विद्यार्थीहरुको अस्ट्रेलियन सरकारले भिसा दिन छोडेको थियो ।

प्रभु बैंकका सीईओ अशोक शेरचनले चर्को कमिसनका लागि एक शैक्षिक परामर्श व्यवसायीसँग सम्झौता गरी नक्कली कर्जा प्रमाणपत्र बनाउने ठेक्का दिएको रहस्य त्यसैबेला बाहिरिएको थियो । यसबाहेक पनि शेरचनले कानुन कुल्चेर थुप्रै अवैधानिक कार्य गरेको स्रोत बताउँछ । शेरचनले ठूला ऋणीहरुलाई विगतमा किस्ता र ब्याज नियमित बुझाउने व्यवसायीहरुलाई पछिल्लो समय देशमै परेको आर्थिक मन्दीको कारण तिर्न नसकेका त्यस्ता व्यवसायीहरुलाई पेलेरै ऋण चुक्ता गर्न आदेश दिनुका साथै ऋण चुक्ता नगरेको अवस्थामा कालो सूचीमा राखिदिने धम्कीसमेत दिने गरेको बुझिन आएको छ ।

भनिन्छ बैंक जनताको हो र जनताकै सेवामा निहित हुनुपर्छ । बैंकका सञ्चालक र कार्यकारी पदमा बस्नेहरुले गर्ने यस्तो व्यवहारका कारण बैंकप्रति जनताको विश्वास गुम्दै गइरहेको छ ।

## साँढे पाँच ...

सदस्य बनाएका थिए । सदस्य मात्र बढाउन यसो गर्दा संख्या बढी देखिएको थियो । अब महाधिवेशन सकिएकाले नवीकरणमा ती व्यक्तिहरुको ध्यान गएन जसले सदस्य बनाउन पैसा तिरेका थिए ।

त्यसो त एमालेप्रतिको आकर्षण ह्वात्तै घटेको छ । एमाले फुटको असर पनि परेको छ त्यसमा । नयाँ दलहरुमा एमाले कार्यकर्ता प्रवेश गर्ने क्रम बढेको छ । विशेषगरी नयाँ खुलेका दलहरुमा एमाले कार्यकर्ता बढी गएका छन् । एमाले मात्र होइन काँग्रेसको हालत पनि त्यस्तै छ । उसले सदस्यता बढाउने घोषणा गरेपनि त्यो तत्काल सम्भव देखिदैन । महाधिवेशन सकिइसकेकाले कोही पनि सदस्य बनाउन र बन्न पैसा खर्च गर्न बढ्ने देखिदैन । दलहरुले कृत्तिम तरिकाले सदस्यता बढाउने देखाएर आफ्नो प्रभाव देखाउन खोज्नुको असर अहिले भोगिरहेका छन् । एमालेको हावा फुस्किएको छ अब काँग्रेसको दुब्लाएको स्पष्ट देखिने सम्भावना छ ।

एमालेमा फुटको पनि असर परेको छ । नेकपा एस बनेपछि ओली अप्ठ्यारोमा छन् । तर, उनी माधव नेपालसँग पानी बाराबारकै अवस्था बनाइरहेका छन् । काँग्रेसभित्र पनि गुटको लडाईं पेचिलो बनेको छ । यसले नयाँ उदाएका शक्तिहरु झन् बलियो बन्दै जान थालेका छन् । कुनैपनि बेला काँग्रेस र एमालेलाई माथ खुवाउन ती दल सफल नहोलान् भन्न सकिदैन ।

## प्रचण्ड ...

चलिरहेपनि सफल हुन नसकेको हो । यसमा विपक्षी दलका नेता मात्र नभई सत्ता गठबन्धनकै नेता लागेका छन् । तर, प्रचण्डले रणनीतिक चार्तुयताले लगातार विफल बनाइदिए । विपक्षी नेकपा एमालेले नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीको प्रस्ताव गरी प्रचण्ड सरकार ढाल्ने प्रयास गरेको थियो । एमाले अध्यक्ष केपी शर्मा ओलीले देउवालाई प्रधानमन्त्रीको प्रस्ताव गरेको खुलासा भएको थियो । तर, देउवा त्यसका लागि तयार भएनन् । उनले किन साहस गरेनन् ? चासो बनेको छ । देउवा छैठौं पटक प्रधानमन्त्री बन्न आतुर छन् । उनी अझै डेढ वर्ष कुरेर पालो पर्खने मुडमा त छैनन् । तर, सरकार ढल्ने सामर्थ्य बनाउन सकेनन् ।

शनिवार राजधानीमा बोल्दै पूर्वप्रधानमन्त्री एवं सत्तारुढ घटक नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले सरकार ढाल्ने षड्यन्त्र भइरहेको बताएका छन् । उनले ओलीतर्फ संकेत गर्दै सरकार ढाल्न खोजेको आरोप लगाए । त्यसो त नेपाल स्वयं पनि प्रधानमन्त्री बन्न आतुर छन् । उनी अबको डेढ वर्षपछि कम्तिमा एक वर्ष प्रधानमन्त्री बन्ने चर्चा छ । यो आलोपालो प्रधानमन्त्रीको भद्र सहमति पालना भएमा मात्र सम्भव हुन्छ । तर, त्यो सजिलो छैन । प्रचण्ड सरकारले भ्रष्टाचार र ठूला आर्थिक अपराधका फाइल खोल्न थालेपछि विपक्षी एमाले रक्षात्मक बनेको छ । उसका नेताहरु धमाधम कारबाहीमा परिरहेका छन् । नेपाली काँग्रेसभित्रको एउटा समूह पनि सरकारको विकल्प खोज्नुपर्ने पक्षमा छ ।

प्रचण्डको विवादास्पद अभिव्यक्तिलाई लिएर एमालेले जून महिनामा राजीनामा मागेको थियो । एमालेले काँग्रेसलाई सरकारको नेतृत्वका लागि प्रस्ताव पनि गरेको थियो । तर, काँग्रेस प्रचण्डकै पक्षमा उभियो । त्यसले सरकार ढाल्ने प्रयास विफल भयो । गत वर्षको मंसिरमा भएको चुनावमा तेस्रो ठूलो दल बनेको थियो नेकपा माओवादी केन्द्र । उसका नेता प्रचण्ड पौषमा प्रधानमन्त्री बनेका थिए । उनी सात महिना प्रधानमन्त्री बनिसकेका छन् । त्यसबीच सरकार ढाल्ने प्रयासहरु निरन्तर चलिरहेका छन् । तर, रणनीतिक चार्तुयताले प्रचण्ड सरकार बचाउन सफल भइरहेका छन् । यसपटकको सरकार ढाल्ने अको ग्रान्डडिजाइन पनि प्रचण्डले विफल पारिदिन सक्छन् ।

## सांसद विमला...

पनि घर भएको जानकारी गराइन् । प्रदेश सभा सचिवालयले म्याग्दी जिल्लाकी गौचनको पोखरामा आफ्नै घर भएको बारे जानकारी नभएकोले गल्ती भएको बताएको छ ।

गौचनले तलब वापत्को रकम पनि विभिन्न परोपकार क्षेत्रमा दिँदै आएकी छिन् । म्याग्दीमा पुस्तेनी पर्यटन व्यवसायी विमला गौचनले संसद सचिवालयलाई ऐनले तोकेभन्दा बढी रकम नराख्न भनेकी छिन् । हक्की स्वभावकी गौचनले एक पैसा पनि तलमाथि नहुने गरी काम गर्न समेत भनेकी छिन् । नेपाली काँग्रेसमा लामो संघर्ष गरेकी विमला गौचन पहिलोपटक सांसद बनेकी हुन् । उनको म्याग्दी र आसपासका जिल्लामा समेत बलियो पकड छ ।

## किर्ते कागज ...

कित्ता नम्बर १ को १७ कट्ठा गरी १० बिघा १५ कट्ठा क्षेत्रफल रहेको जग्गा शक्तिको दुरुपयोग गरी हुँदै नभएको मोहि कायम गराउन खोजेका थिए ।

पटेलले भूमि सुधार कार्यालयमा आफूलाई मोही कायम गर्न भनी पेश गरेको कागजात किर्ते भएको नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालाले पुष्टि गरेको छ । पक्राउ परेका पटेलमाथि प्रहरीले कारबाहीको लागि प्रक्रिया अघि बढाएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी गराएको छ ।

पटेलले मोही कायम गराउनु भूमिसुधारमा बुझाइएको कागजात शंकासपद देखिएकोले कारवाही अघि नबढाइएको भुमिसुधार कार्यालयले बताएको छ ।

काठमाडौं विशालनगर निवासी विजयमणि दीक्षितको नाम रहेको १० बिगाह १५ कट्ठा क्षेत्रफलको जग्गामा पटेलले पार्टीको झण्डा गाडी वर्षौंदेखि माछापालन व्यवसाय चलाउँदै आएका थिए । जग्गाधनी दीक्षितका छोरा अरुणमणि दीक्षितले आफ्नो स्वामित्वको जग्गा बिक्रीको लागि बाटो सिफारिस लिन जाँदा पटेलसहितको समूहले किन्ने र बेच्नेमाथि भौतिक आक्रमणसमेत गरेका थिए । उनीहरुले पटक पटक ज्यान मार्ने धम्की दिएको जग्गाधनी दीक्षित बताउँछन् ।

करिब १० बिघा जग्गामा मोही छु भनी किर्ते गरेको आरोप लागेको प्रहरीले जनाएको छ । साविक बहुअरी गा. वि. स. वडा नं.६ कि.नं.४१ ज.बि.५-१९-१५ को जग्गा २०२२ सालदेखि नै जिल्ला काठमाडौं वडा नं. ५ बस्ने विजयमणि आचार्य दिक्षितको नाममा दर्ता रहेको देखिएको छ ।

उक्त जग्गा कित्ता काट भइ कायम भएको कि.नं.२५२ ज. वि. ५-६ १४ जग्गा मालपोत कार्यालय, बाराबाट २०७९ वैशाख २६ गते राजीनामा लिखत पास भइ शिरोम इन्भेष्टमेन्ट प्रा.लि., काठमाडौंको नाममा प्राप्त भएको देखिएको छ । मोही नभएको साविक जग्गामा प्रतिवादी अजयकुमार पटेलले बाबुको नामबाट किर्ते कागजात तयार गरी भूमिसुधार कार्यालयमा रहेको अभिलेखमा घुसाइ मोही देखाइ किर्ते गरेको आरोप लागेको हो ।

बिजयमणिलगायतको नाममा एकलौटी दर्ता कायम रहेको जग्गामा भाडामा लिएको एक बर्षपछि मधेसी जनधिकार फोरमको अध्यक्ष समेत रहेका बारा जिल्ला बोअरि बस्ने अजय पटेलले पार्टीको झण्डा गाडी जग्गा कब्जा गरी जग्गा धनीलाई धरपकट गरी माछा पालेर बार्षिक करोडौ कमाइ रहेको पटेलको महत्वकांक्षा बढेपछि जग्गा नै खाने दाउमा मालपोत कार्यालयको कर्मचारीसँगको मिलोमतोमा नक्कली मोही खडा गरेका थिए । सो कुराको जानकारी जग्गा धनीले पाएपछि न्यायको लागि बारा प्रहरी कार्यलयमा उजुरी दिँदा प्रहरीले वास्ता नगरेपछि जग्गा धनि अरुण मणिले नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्युरोमा उजुरी हाल्न बाध्य भएका थिए । नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)मा उजुरी हालेपछि अनुसन्धानमा खटिएका सीआईबीका प्रहरीले अनुसन्धान गरी सबै किर्ते ठहरेपछि पनि बारा प्रहरीले किर्ते कागज खडा गरी जग्गा हडप्ने अजय पटेललाई पक्राउ नगरेपछि प्रहरीको केन्द्रिय अनुसन्धान ब्युरो (सीआईबी) का प्रहरीले फिल्मी शैलीमा पटेललाई पक्राउ गरि कारबाहीको लागि सम्बन्धित निकायमा बुझाएको थियो ।

त्यसपछि जिल्ला अदालत बाराले पुर्पक्षको लागि जेल पठाएको र निज पटेलले उच अदालत जनकपुरको अस्थायी इजालस बिरगंजमा पुनराबेदन गरेकोले हाल उच्च अदालत जनकपुरको अस्थायी इजालस बिरगंजमा २ महिनादेखि थुन छेक बहस जारी रहेको छ । पटक–पटक पटेलले आफू अनुकुल फैसला नआउने देखेपछि पेसी सार्दै आइरहेको विशेष स्रोतले जनाएको छ । यसरी थुनामा रहेको व्यक्तिले पेसी सार्दै आएको यो अनौठो घटनासमेत बनेको छ ।

## गलत समाचार प्रकाशित गरेकोप्रति खोजतलास मिडियाका अध्यक्ष महर्जनको घोर आपत्ति



काठमाडौं । खोजतलास मिडिया प्रा.लि.का अध्यक्ष भरत महर्जनको विषयलाई लिएर विभिन्न अनलाइन प्रोटलमा अनर्गल समाचारहरु प्रकाशित भएकोप्रति महर्जनले आपत्ति जनाउनुभएको छ ।

सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को–अपरेटिभमा संस्थागत लगानी ७ अर्ब ४४ करोड ७ लाख ९ हजार २ सय ८३ भएको र संस्थाबाट सदस्यहरुलाई लगानी गरेको ४ अर्ब ५७ करोड १ लाख २ हजार १ सय ५६ रहेको संघर्षसमितिका अधिकारीहरुले नै हिसाव निकालेका छन् ।

संघर्ष समितिका अधिकारीहरुकै अनुसार सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को–अपरेटिभ दुई अर्बले फाइदा देखिएको छ । यस्तो अवस्थामा पाँच वर्ष अगाडि नै सम्पूर्ण जिम्मेवारी वहन गर्ने गरी नयाँ संचालक समितिलाई जिम्मेवारी दिइसकेको अवस्थामा अहिले आफ्नो पारिवारसहित विदेशमा बस्दै आएका महर्जनलाई १० अर्बभन्दा बढी रुपैयाँ लिएर विदेश पलायन भएको भन्ने समाचारमा कत्तिको सत्यता छ ? अनावश्यक व्यक्तिगत चरित्र हत्या र सामाजिक मानमर्दन हुने समाचार प्रकाशित गर्नुभन्दा पहिला सत्य तथ्य बुझेर मात्र समाचार प्रकाशित गर्दा संचार माध्यमको विश्वसनीयता बढ्ने थियो । निक्षेपकर्तालाई १० अर्ब दिनुपर्ने, सम्पत्ति १२ अर्बको भएको आफैले स्वेतपत्रमा सार्वजनिक गरिसकेका संघर्ष समितिका पदाधिकारीहरुले संचारकर्मीलाई गलत सूचना दिई भरत महर्जनले १० अर्ब लिएर विदेशिएको भन्ने समाचारमा कत्तिको सत्यता छ । यदि भरत महर्जनसँग १० अर्ब भएको भए महर्जनले १० अर्ब निक्षेपकर्तालाई फिर्ता गरी १२ अर्बको सम्पत्ति आफ्नो नाममा राख्न सक्थे कि सक्थेनन् ? यतिसम्म पनि नबुझेका संघर्ष समितिका पदाधिकारीहरु र संचारकर्मीका लागि के भन्ने महर्जन बताउनुहुन्छ ?

चार दशक अगाडिदेखि विभिन्न व्यवसाय गर्दै सम्पत्ति, मानसम्मान र इज्जत कमाउँदै आएका धापाखेलका लोकल स्थानीय नेवार समुदायमा जन्मेका महर्जन करोडौं सम्पत्तिको मालिक भएर जन्मिएका व्यक्ति हुन् । यस्ता व्यक्तिको परिवारमाथि चाहिने नचाहिने आरोप लगाई व्यक्तिगत सम्पत्तिमाथि गिद्देनजर लगाई सम्पत्ति चाहियो भन्नु, १० औं अर्ब लिएर विदेश भाग्यो भनी बेइज्जत गरिएकोप्रति आफै पनि संचारमाध्यम खोजतलास मिडिया प्रा.लि.का अध्यक्ष भएका नाताले यसरी गलत समाचार विभिन्न संचारमाध्यममा प्रकाशित गरेकोप्रति घोर आपत्ति प्रकट गर्नुभएको छ । भरत महर्जनका अनुसार सुमेरुअन्तर्गतका कम्पनीहरुमा आफ्नो २० प्रतिशत मात्र शेयर भएको र आफ्नो कुनै पनि परिवारको शेयर नभएको पनि उहाँले जानकारी गराउनुभएको छ ।

## सुडान घोटालालाई...

एआईजी थापाले प्रहरीमा पनि सिलाएर दिनुपर्ने व्यवस्था गर्नुका पछाडि बजेटको आकार बढ्ने भएकाले हो ।

बढेको बजेटबाट थप लाभ लिन सकिने भएकाले सिलाएर दिने निर्णय गरिएको स्रोत बताउँछ । हालसम्म प्रहरीले ३ सय २५ रुपैयाँको दरले खरिद गरेको ब्यारेट क्याप दोब्बर बृद्धि गरी ८ सय २५ रुपैयाँमा खरिद गर्न लागिएको छ । ठेकेदारले त्यही ३ सय ५० रुपैयाँकै ब्यारेट क्याप आपूर्ति गरी बढेको मूल्यको ५० प्रतिशत घुस दिनेगरी सेटिङ भएको स्रोतको दाबी छ । ब्यारेट क्यापमै विगतको भन्दा ४ सय ७५ रुपैयाँ महँगोमा खरिद गर्नगरी टेण्डर गरिएको छ ।

त्यसैगरी, ज्याकेट, पन्चु, सर्ट पाइन्टको टेण्डरमा समेत सेटिङमै निश्चित ठेकेदारलाई दिनेगरी स्पेसिफिकेसन राखी टेण्डर सूचना निकाल्न लागिएको छ । प्रहरीमा स्पेसिफिकेसन चेन्ज गरेर सेटिङमा जसले बढी कमिसन दिन्छ, त्यसलाई ठेक्का दिनका लागि गत सोमबार निर्णय गरी टेण्डर सूचना गोरखापत्रमा पठाउन लागिएको छ । लत्ताकपडा खरिदमा आइजीपीले ग्रिन सिग्नल दिएपछि प्रशासनका एआईजी, प्रबन्धका डीआईजी र डीएसपीले निश्चित ठेकेदारसँग सेटिङ गरेको आरोप छ ।

आर्थिक प्रशासनमा कहिल्यै नबसेका आईजीपीलाई खरिदमा चलखेल हुने कुरा थाहा नभएपनि उनले सबै अधिकार प्रबन्धलाई दिएको बुझिएको छ । लत्ताकपडाको स्पेक परिवर्तन गर्ने क्रममै निश्चित ठेकेदारले मात्र पाउनेगरी सेटिङ गरिएको छ । सशस्त्र प्रहरी बलले हिमाली जिल्लामा काम गर्ने जनशक्तिका लागि ३५ करोड बराबरको हिमाली सामानहरु खरिद गरेपछि नेपाल प्रहरीले पनि त्यसलाई अनुशरण गरेको छ । प्रहरीले पनि हिमाली जिल्लामा खटिनेका लागि भनेर हिमाली आइटम खरिदको टेण्डर गर्दैछ । स्रोतका अनुसार हिमाली आइटमको टेण्डर पनि सेटिङमै पिताम्बर अधिकारीको कम्पनीलाई दिनेगरी निकालिँदैछ ।

प्रहरीको प्रबन्ध निर्देशनालयले अधिकारीकै कम्पनीसँग मिल्नेगरी स्पेक राखेर टेण्डर गरे तयारी थालेको छ । विवादित ठेकेदार राजमान मिश्रले आफ्नो कम्पनी बदनाम भएपछि पिताम्बर अधिकारीलाई अगाडि सारेर २१ वटा जिल्लामा हिमाली सामानको ठेक्का लिनेगरी अगाडि बढेका छन् ।अधिकारीलाई मिश्रले पाटनर राखी काम गर्न लागेका छन् । धिरजप्रताप सिंह आईजीपी हुँदा गुणस्तर फेल भएको म्याट्रेस खरिदमा भएको भ्रष्टाचारमा बदनाम भएकाले उनले पिताम्बरको कम्पनीबाट ठेक्का लिन लागेका हुन् ।

जिल्लामै बजेट पठाएर प्रबन्ध निर्देशनालयबाट सेटिङ गरी मिश्रबाट म्याट्रेस र केशर प्रधानबाट गुणस्तर फेल भएको डीएमएस बुट खरिद गरेको बिषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि उजुरी परेको थियो । तर, सिंहले नै आफु फस्ने भएपछि अख्तियारसँग सेटिङ गरी छानविनलाई तुहाएको अख्तियार निकट स्रोतले जनाएको छ ।

केन्द्रबाट सेटिङ गरी जिल्लाबाट खरिद गरेको बिषयमा विवाद भएपछि यो पटक हिमाली सामानको ठेक्का प्रहरी प्रधान कार्यालयबाटै टेण्डर निकालेर मिश्रको डिजाइनमा पिताम्बर अधिकारीको कम्पनीलाई दिने निश्चित गरी टेण्डर निकाल्न लागिएको छ ।

नेपाल प्रहरीमा चालु आर्थिक बर्षमा हतियारबाहेक लत्ताकपडा र जुत्ताजस्ता सामान खरिदका लागि १ अर्ब ७० करोड रुपैयाँको बजेट छुट्याइएको छ ।

मंगलबार १ अर्बभन्दा बढीको टेण्डर गरिएको छ भने हिमाली सामानको अर्को टेण्डरमा पनि सेटिङ भइसकेकाले प्रहरीको प्रबन्ध निर्देशनालयले यही साता बोलपत्र सूचना निकाल्दैछ ।प्रशासन विभाग अन्तर्गतको प्रहरीको आर्थिक तथा प्रबन्ध निर्देशनालयका डीआईजी केदार ढकाल छन् । एसपी गोविन्द पुरी र डीएसपी परशुराम मल्ल छन् । मल्ल ठाकुरप्रसाद ज्ञवाली आईजीपी हुँदादेखि प्रबन्धमा कार्यरत छन् । उनी इन्स्पेक्टर हुँदै डीएसपी बढुवापछि पनि प्रबन्धमै कार्यरत छन् । प्रशासन विभाग र प्रबन्धका चार जना र ठेकेदारहरुको सेटिङमा खरिदमा घोटाला हुन लागेको स्रोत बताउँछ । आज निकालिएको लत्ताकपडाको बोलपत्र सूचनाको कमिशनको खेलको बारेमा अख्तियारले गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई बेलैमा सचेत नगराउने हो भने प्रहरीमा सुडान जस्तै डरलाग्दो काण्ड दोहोरिने निश्चित रहेको एक उच्च प्रहरी अधिकारी दाबी गर्छन् ।